# सुक्री राई

## धनकुटा

प्रश्न: फोनमा कुरा गरेको अनि तपाईकै छिमेकी भोजपुर भयो मेरो चाहिँ ।

उत्तर: हजुर हजुर ।

प्रश्न: अनि म यहाँ काठमाडौंमा बस्छु अहिले चाहिँ घर भोजपुर भएपनि । अनि यहाँ लुमबाट चाहीँ तपाईहरु जस्तै अधिकारकर्मीहरु सँग कुरा गरेर डकुमेन्टेसन गर्ने, तपाईंहरूको अनुभवहरु सुन्ने, जीवन कथाहरु सुन्ने, तपाईले अहिलेसम्म चाहिँ एक्टिभिसको काम जति गर्नु भाछ जुन गर्नु भाछ यो कसरी निरन्तरता दिनु भाछ, यही कुराहरु हामी गर्छौ । डकुमेन्टेसन काम पनि हुन्छ, यो तपाईसँग जुन कुरा गरेको हुन्छौ । हामीले त्योचाहिँ जस्ताकोतस्तै लुमको वेबसाइट पनि राख्छौ । सँगसँगै चाहिँ तपाईहरु सँग कुरा गरेको चाहिँ एउटा सिनारियोको बुक पनि निकाल्छौ अनि डकुमेन्ट्रीहरु पनि बनाउँछौ । योचाहिँ आज हामी के कुरा सँगसँगैको मेरो परिचय पछि चाहिँ हजुरको पनि परिचय दिनुस न ?

उत्तर: ए हुन्छ, नमस्कार म सुक्री आठपहरिया राई । मेरो घर चाहिँ धनकुटा हो, धनकुटा नगरपालिका वार्ड नम्बर ६ हो । अब म चाहिँ महिला अधिकारको क्षेत्रमा काम गर्छु हाल अहिलेचाहिँ भन्नुपर्छ । लगभग १०-१२ वर्ष भयो यो क्षेत्रमा काम गरेको चाहिँ । योभन्दा अगाडि चाहिँ म हेल्थको सेक्टरमा काम गर्थे । महिला मानवअधिकार रक्षक सञ्जालको म सचिव छु, जिल्ला सञ्जालको र महिला पुनःस्थापना सेवाकेन्द्र भन्नेचाहिँ एउटा हाम्रो महिला अधिकार रक्षकहरूको अगुवाइमा एउटा संस्था हामीले दर्ता गरेको छौं । यसले चाहिँ विशेष गरेर हिंसा पीडित महिला र जोखिममा परेका महिला बालबालिकाहरुलाई चाहिँ संरक्षण दिने र उनीहरुलाई चाहिँ न्यायमा पहुँच पुराउनको लागि सपोर्ट गर्ने काम चाहिँ गर्दै आएका छौ हामीले । अब त्यस्तै छ यसरी हामी काम गरिरहेका छौं, बाँकी कुरा त अब गफमै हुन्छ ।

प्रश्न: हुन्छ हस् धन्यवाद तपाईलाई, अरुना ?

प्रश्न: हस, धन्यवाद सबैलाई परिचय दिनु भाकोमा । अनि आज देखि चाहिँ हाम्रो बडादशै लाग्दैछ । हाम्रो जनजातिहरु कसैलाई लाग्छ कसैलाई चाहिँ लाग्दैन तैपनी घटस्थापनाको दिनबाट चाहिँ शुभारम्भ भनेर भनिन्छ । सबैलाई दशैंको पनि एकदमै शुभकामना छ । अनि अहिलेसम्म हामीले चाहिँ १९ जना एक्टिभिस्टहरु सँग, तपाईंहरु जस्तै एक्टिभिस्टहरु सँग कुरा गरिसकेका छौ । तपाईं २० औ पर्नु भाको छ घटस्थापनाको दिनमा एकदमै खुसी लागेको छ । अनि त्यसमा पनि हजुर मेरो जिल्लाको छिमेकी पर्नु भाको छ । सुरुमा नै सोध्नु पर्यो । दशै कस्तो लागिरहेको छ तपाईंलाई ? हा हा..यहीबाट कुरा गरौ ?

उत्तर: सर्वप्रथम त यहाँहरु सबैलाई विजयादशमी हामी नेपालीहरूको कसैले अघि भनिहाल्नु भयो बहिनीले कसैले मान्ने कसैले नमान्ने भए तापनि नेपालीहरूको महान चाड भनेर भन्छन् । मानी राखेको छ उहिलेदेखि अब समापन देखिको । यसको शुभअवसरमा यहाँहरु सम्पूर्णलाई शुभकामना म दिन चाहन्छु । अब दशैं कस्तो भन्दा खेरि हामी आठपहरिया राई चाहिँ दशैं मान्दैनौं । मेरो आफ्नो लागि भन्नुपर्दा खेरी सबै मान्ने अरुबेला जस्तो त्यस्तै । अब धनकुटामा ठिकै सबैलाई अब सधैं जस्तो कोरोनाले गर्दाखेरि चहलपहल त्यति छैन । दशै छिरिसक्यो तर दशैं आएजस्तो अनुभव त्यस्तो खासै पहिला जस्तो चाहिँ छैन भन्नुपर्छ ।

प्रश्न: कोरोनाको प्रभाव चाहिँ छ धनकुटा तिर पनि ? अनि भनेपछि तपाईंको दशैको कुरा त गरिहाल्नु भो, कोरोनाको के छ नि, कोरोनाको प्रभाव कस्तो छ तपाइँको धनकुटा तिर के छ ?

उत्तर: कोरोना लगभग अब धनकुटामा पनि निकै बढिरहेको अवस्थामा छ । अब अहिले नगरपालिकाको कर्मचारीलाई पनि लागेको छ, गाउँपालिकाको कर्मचारीलाई पनि लागेको छ, अस्ति टेलिकमको कर्मचारीलाई अब समुदाय लेबलको मान्छेलाई पनि लागेको छ । त्यस्तै अब ६०-६५ जनाको हाराहारीमा धनकुटामा चाहिँ यतिबेलासम्म पुगिसकेको छ र म

आफै पनि कोरोनाबाट प्रभावित हो । अस्ति भर्खरै मात्रै म पनि निस्केको, आज एक हप्ता दश दिन मात्रै हुँदैछ । कोरोनाले प्रभाव पारेकै छ अझै यो दशैंको कारणले गर्दा पनि होला सायद अलिकति अहिले पछाडि सबै यातायातहरु खुल्ला गर्दियो अनि पसलहरु सबै व्यापारहरु पनि खुला गर्देको कारणले गर्दा पनि होला सायद । अस्ति अलिकति कन्ट्रोल भएजस्तो भा थियो, सुरुमा अलिकति ४-५  जनालाई देखेर निकै ग्याप भाको थियो । अनि बीचमा फेरि २-४ जनालाई देखियो । अनि अब अहिलेचाहिँ ह्वात्तै बढेर गएको अवस्था छ, यो खुल्लाले गर्दा पनि होला सायद ।

प्रश्नः अनि तपाई पोजिटिभ हुनु भाको थियो, कस्तो भयो नि तपाईंको एक्सपेरियन्स ?

उत्तरः आइसोलेसनको एक्सपेरिऐन्स, म चाहिँ विराटनगर गएको थिए त्या एउटा हाम्रो हिंसा पीडित बालिकाको डेलिभरीको लागि विराटनगर गाको थिए । कोशी अञ्चल अस्पतालमा चार दिन उसको अप्रेशन गर्नुपरेको थियो त्यही भएर ४ दिन हस्पिटल बस्दाखेरि त्यहीबाट संक्रमित भएर आएछु । आएर पछि पोजेटिभ देखियो । लक्षण पनि देखियो, लक्ष्यण देखिएपछि त्यस गर्दाखेरि पनि पोजेटिभ आयो । आइसोलेसन धनकुटामै भखरै व्यवस्था गरेको छ र त्यहाँ बसियो । अब त्यतिखेर चाहिँ धेरै थिएनौ हामी । एकजना अगाडिको भाइ हुनुहुन्थ्यो अनि म एकजना । मेरो टिममा जम्मा दुईजना, ४१-४२ जानाको टेस्ट गरेको मेरो मात्र पोसेटिभ आयो एकजना । अनि दुई जना मात्रै थियौ एकदमै त्यत्रो आइसोलेसनमा । गारो भयो जेहोस एक्लै बस्दा खेरिको बेग्लै । अर्को कुरा चाहिँ अब त्यस्तो धेरै गाह्रो हुने, स्वास्थ्यमा गाह्रो हुने चाहिँ केहि भाको होइन र पनि डर चाहिँ हुँदोरहेछ । त्यसले गर्दाखेरि अहिलेपनि अझै बढी तनावले गर्दाखेरी पनि होला सायद मलाई चाहिँ निक्कै सारो बनायो । अब सामान्य रुघा र खोकी मात्रै हो त्यस्तो धेरै त होइन । अनि यो हातखुट्टा जीउहरु सबै दुख्ने, हड्डीहरु सबै दुख्ने त्यस्तो खालको चाहिँ लक्षणलाई मलाई देखिएको थियो । खाना पिटिक्कै नरुच्ने अनि जिब्रोले स्वाद नपाउने, नाकले गन्ध केही पनि नआउने तर नाक बन्द हुने त्यस्तो पनि होइन फेरि । स्वर चाहिँ रुघा लागेको जस्तो स्वर मात्रै आउने तर नाक बन्द हुने, सिँगान फ्यालफ्याल आउने त्यस्तो खालको चाहिँ हुँदोरहेन रहेछ यसको ।

प्रश्नः ए ।

उत्तरः सामान्य अरुबेला पनि रुघाखोकी त त्योभन्दा सारो हामीलाई हुन्छ तर पनि त्यस्तो चाहिँ भाको थिएन । एकदमै शरीरलाई कमजोर र विक्नेस एकदमै बनाए पछि मलाई त झन डाइरिया पनि देखियो । त्यो भइसकेपछि मलाई कता-कता निको हुन्छ । आठ नौ दिन भइसक्दा सम्म मेरो अवस्थामा सुधार आउँदैन । नआइसकेपछि अनि कता कता डर चाही लाग्यो मलाई । डर चाहिँ लाग्यो, कोभिडले साँच्चि मलाई लान्छ कि जस्तो पनि बनायो । अब त्यो फोक्सोमा पुगेपछि त निमोनिया हुन्छ रे, निमोनिया भैसकेपछि चाहिँ गारो हुन्छ रे भन्थे । अनि मलाई त सास फेर्न पनि एकदिन गाह्रो गाह्रो बनायो के । शरीर एकदमै कमजोर बनाइसकेपछि खान पनि मन नलाग्ने । अनि यता रूघा मर्की पनि ठीक हुदैन । अनि त्यस्तो भैसकेपछि चाहिँ म निको हुनुको सट्टा झन बिरामी हुँदै छु जस्तो भयो के । अनि एक्लै पनि बस्नुपर्ने । अनि एक्लै भएपछि त नानाथरीको कुराहरु आउँछ नि त तर धन्नले कम्तीमा त्यहाँ नेटसम्म चाहिँ थियो । वाईफाई थियो र बेलाबेलामा फेसबुकमा साथिहरुसँग यसो बोल्यो गफ गर्यो अनि अलिकति सहज हुने । अनि त्यो पनि थिएन भने त त्यो यत्तिकै त्यहाँ चाहि तनावले नै मरिन्थ्यो जस्तो लागेको थियो के मलाई चाहिँ । अनि त्यस्तो भयो, पछाडी अब ठिकै भयो । अनि दोस्रो पटक टेस्ट गर्दा पनि मेरो फेरि पनि पोजेटिभ आउँछ कि भन्ने मलाई एकदमै डर लागिराको थियो तर नेगेटिभ नै आइदियो । १२ औ दिनमा टेस्ट गरेको, टेस्ट गर्दाखेरि ठिकै भयो । अब त्यहाँ बस्दाको आइसोलेसनमा ठिकै थियो । खाना अब सरकारले गरेको थियो । सादा खाना बिहान-बेलुका दिन्थ्यो, खाजा दिन्थ्यो । बाँकी अब अरु अलिकति पोष्टिक तत्वहरु खानु, तागतीलो खानेकुराहरु खानु भनेर भन्थे । अब खाना त खानु, रुचे पो खानु, नरुचे त के खानु होला । अनि खाने कुराहरु त साथीहरुले टन्नै ल्याइँदीराख्नु भा थियो । अनि बल्ल अलि-अलि मिचेर खान्थे । अनि त्यो बेसार पानी र गुर्जो पानी भन्थ्यो, बेसार पानी गुर्जो पानी अदुवा अनि त्यो ज्वानो त खाको खाकै । तातो पानी खाको खाकै, बाफ लगाको लगाकै । यसरी नै पचाइयो कोरोना ।

प्रश्नः भनेपछि नयाँ अनुभव भयो ?

उत्तरः अनुभव भन्दा मलाई पनि के चाहिँ लाग्यो भने यो कोरोना भनेको चाहिँ सामान्य भनेतापनि तर त्यति सामान्य पनि लिनुहुन्न जस्तो लाग्यो किनभने हामी जतिको अलिकति बल भाको मान्छेलाई अलिकति रुघाखोकीले नै त्यति

कमजोर बनायो भने देखि अलिकति दीर्घरोगी, वृद्धावस्थाका र बालबालिकालाई चाहिँ मलाई लाग्यो एकदमै गाह्रो बनाउँछ होला  यस्ले । यदि भेट्यो नै लाग्यो नै भनेचाहिँ अलिकति उहाँहरुलाई चाहिँ गाह्रो हुन्छ होला । अरु हामीजस्तो अलिकति उमेर भाको, लड्नसक्ने माछिलाई त खासै त्यस्तो असर गर्दैन जस्तो लाग्यो मलाई ।

प्रश्नः धन्यवाद तपाईलाई कोरोनाको पनि अनुभव सुनाइ दिनुभयो । अबचाहिँ तपाईंको जीवन कथा तिर लागौं । सुरुमा तपाईले आफ्नो जीवन कथाहरु सरर सुनाइदिनु होला । भनेको, बाल्यकाल यता देखिको जुन, बाल्यकालमा कस्तो भयो, तपाईको जन्म हुँदाखेरी तपाइको गाउँठाउँ कस्तो थियो, धनकुटा कस्तो थियो, कस्तो रह्यो तपाईंको बाल्यकाल देखि लगायतका अहिलेसम्मका कथाहरु, सङ्घर्षका कथाहरू ,अवसरका कथाहरु, चुनौतीका कथाहरु सुनाई दिनुस् न ?

उत्तरः ठ्याक्कै अवसर पनि के आयो, ठ्याक्कै चुनौती पनि के आयो , यस्तै यस्तै भन्नु भन्नु भाको होइन । खै के आयो के आयो, जिन्दगी यसरी नै चलिराको छ ।

प्रश्नः बाल्यकाल देखिको सुनाइदिनु न, तपाईंको सम्झी राखेको कुराहरु पलहरु, बच्चादेखीको हुन्छ नि ?

उत्तरः बच्चा देखेको कुरा गर्नु पर्दा खेरी अब मचाहिं एउटा हाम्रो आठपरिया राई भनेको चाहिँ धनकुटा जिल्लामा मात्रै पाइने त्यसमा पनि धनकुटा नगरपालिकामा मात्रै पाइने समुदाय हो र आर्थिकरुपमा सामाजिकरुपमा एकदम पिछडिएको समुदाय हो यो समुदाय भनेको । पहिला त धनकुटाको भूमि पुत्र पनि भन्छन्, जमिन्दार पनि भन्छन् । पहिला चाहिँ धनकुटा नगरपालिका सबै चाहिँ आठपरिया राईहरूको रे, पछि सबै चाहिँ सकेको रे अरुलाई दिएर, बेचेर, उ गरेर सकेको रे भन्छन् । त्यस्तै लाग्छ मलाई पनि किनभने धनकुटामा मात्रै आदिवासी, आदिमकाल देखि बस्दै आएको समुदाय हो आठपहरिया राईहरु । आठपहरिया राईहरु धनकुटामा बसी रही आएको तर यहीको स्थानीय लोकल अझ भन्नुपर्दा खेरि हाम्रो भाषामा भुइँफुट्टा भन्छ नि, हाम्रो विद्या बहिनीलाई त थाहा छ नि भुइँफुट्टा कस्तोलाई भन्छ, हाम्रो किरातमा पनि त्यस्तो हुन्छ नि त । मतलब स्थानीय लोकल भनेको चाहिँ शुद्ध लोकल, आदिमकाल देखिको ढुङ्गे युग देखिको बसी आएको समुदाय भनेर बुझिन्छ । अब यस्तो समुदायहरूको केछ भन्दाखेरी सबै चाहिँ धनकुटा नगरपालिका आठपहरिया राईहरूको रे तर अब अहिलेको अवस्थालाई हेर्ने हो भने हामीले पनि यसो विचार गर्दा हाम्रो हो रे त यो नगरपालिका । यो सबै हाम्रो थियो रे । अनि अहिलेचाहिँ माथिमाथि सबै बजार एरिया तिर धनी समुदाय त्यसमा पनि नेवार समुदाय अगाडि, हामी भनेको चै सबै पाखा भित्तामा छौ । उनीहरूको पछाडि पछाडि छौ । यसको मतलब चाहिँ के हो त भन्दाखेरी अब हामीले देख्दा मेरो बुवाले भन्नुहुन्थ्यो, उहाँले थाहा पाउँदा थाहा पाउँदै चाहिँ यहाँ अगाडीको जेहोस बजारको जग्गा चाहिँ मेरो बुवाको बाजेले, मेरो जिजुबाजेले बेच्नु भाको रे अगाडि । अहिले उहाँ हामी बाटो बन्द छ के । हामी अब उनीहरूको पछाडि छौ अनि उनीहरुले चाह्यो भने बाटो थुनीदिने अनि त्यहाँनिर हामीलाई त बजारमा निस्केनलाई पनि बाटो नपाउने अवस्था छ । मतलब एस्तो खालको छ कि आठपरिया समुदायहरूको धनकुटाको चाहिँ जमिन्दार भएर पनि अहिलेको अवस्थामा चाहिँ एकदमै पिछडिएको अवस्था छ । उनीहरुलाई पछि पारिएको छ विभिन्न उसले गर्दाखेरि गरेर पछाडि पारेको छ । त्यस्तो समुदायबाट म हुर्केको । हाम्रो समुदायमा धेरैजसो चाहिँ अब जस्तो गाउँघरमा दौरा बेचेर अनि त्यहाँ देखि यो कृषि पशुपालन सामान्य गर्ने अनी यस्तै दाउराहरु बेच्ने, फलफूलहरु बेचेर चाहिँ आफ्नो जीविकोपार्जन गर्छन् भने कतिपयले ज्याला मजदुरी गर्छन् अनि त्यस्तो खालको अवस्था छ । त्यस्तै समुदायमा म हुर्केको हो । बजारकै भएपनि बजारदेखि अलिकति पिछाडि पारिएको भनम न समुदायभित्र पर्छु । मेरो बाउ आमा पनि एकदमै धेरै एकदमै हामीपनि आर्थिकरुपमा, हाम्रो चाहिं मेरो आफ्नो फेमिलीको कुरा गर्नुपर्दा, अरु धेरै त्यस्ता छन् एकदमै नाजुक अवस्थाका छन् । तर मेरो फेमिली चाहिँ कस्तो भने मेरो बाजेको जग्गाजमिन प्रशस्तै । जग्गाजमिन प्रशस्तै भए पनि मेरो बुवा र आमालाई चाहिँ अलिकति हेला गरेको छोराबुहारीले भनम न, हेला गरेको अब बाउले पनि इच्छाविपरीत पहिला बुबालाई सानोमा बिहे गर्देको रे । बाउ आमाले बिहे गर्देको चाहि १२-१३ बर्षको उमेरमा बिहे गर्देको तर त्यो सानो उमेरमा बिहे गरेको त ठुलो हो भएपछि मनपर्दैन नि त । मन नपरेपछि मेरो आमालाई चाही पछि दोस्रो बिहे गरेर ल्याउनुभयो । अनि त्यो भइसकेपछि आफ्नो बुहारी हुँदाहुँदै त्यो बुहारी त रुचाउदैन त्यही कारणले गर्दाखेरि अलग्याइदिनुभयो । त्यसो हुँदाखेरी आफैले संघर्ष गरेर सबै अरूको खेतीपाती कमाई, अरुको जग्गाजमिन कमाएर यसरी चाहिँ जीविकोपार्जन गर्नुभयो, पशुपालन गर्नुभयो, भैसीहरु गाईहरू पालेर अनि खेतीपाती गरेरै हामीलाई हुर्काउनुभयो भनम न । जति दुख भएपनि पढाउन चाहिँ पढाउने कोशिश गर्नुभयो मेरो बाउ आमाले पनि । हामी जम्मा

तीनजना, म एकजना, म माथिको चाहिँ मेरो दिदी बित्नु भाको, ३ बर्षको हुदा बित्नुभाको, हामी वर्षेनीका तीनजना अनि कान्छो भाइ चाही अलिकती दुई अडाई बर्ष कान्छो मेरो जेठो भाइ भन्दा । अनि जेठी दिदी तीन वर्षको हुँदा बित्नुभयो, म करिव त्यतिखेर दुई वर्षको लगभगको थिए रे । अनि त्यस पछाडिको मेरो दुइटा भाइहरु छन् । अनि हामी तिनजना, भनम न जेठि दिदी बितेपछि तीनजना । म चाहिँ जन्मदै दुःख पनि, भरिपूर्ण पोषण पनि पुगेन होला सायद, वर्षेनीका बच्चाहरु त्यस्तो हुँदाखेरि म चाहिँ एकदमै स्वास्थ्यको दृष्टिकोणले भनम के होइन कमीकमजोरी भएर होला शायद, तीन वर्ष पुग्दासम्म मेरो बोली नआको रे । मेरो बाल्यकाल को कुरा गर्दा, बोलि पनि नाआको खुट्टा पनि नआएको । अनि अब एक किसिमले मायै मारी सक्नुभएको रे, पछि चाहिँ आफैंले संघर्ष गर्दागर्दै, मेरो भाइहरु खेलेको कुदेको देखेर चाहिँ म आफैले चाहिँ भित्ता समाउँदै उठ्दै लड्दै त्यसरी हिँड्न सिके रे, बुवाले कुरा गर्नुहुन्छ के, कहानी गर्नुहुन्छ । अनि बोलि पनि सँगसँगै त्यतिखेर तीनवर्ष लगभग चार वर्ष लाग्दा खेरी चाहिँ, २-३ वर्षको पुरा भइसकेपछि मात्रै चाहिँ मेरो बोली र हातखुट्टा आएकोले अहिलेपनि म बोल्न पनि ढिलै बोल्छु, खाँदा पनि ढिलै खान्छु, हिड्दा पनि ढिलै हिड्छु, काम गर्दा पनि ढिलै गर्छु । मलाई साथीहरु सबैले कराउनुहुन्छ, बुवाआमाले पनि सारी ग्वासी भन्नुहुन्छ, भनेर चाहिँ गाली गर्नुहुन्छ । त्यस्तै छु म अहिले पनि । अनि अब त्यसरी हुर्के, बढे अनि त्यसका पछाडि अब स्कुल जाने बेला भयो । त्यतिखेर हाम्रो समुदायमा त्यति छोराछोरीलाई स्कुल पठाउँदैन थिए । तर पनि मेरो बुवा आमाले चाहिँ प्रयास गर्नुभयो । मलाई चाहिँ मेरो साथी वरपर जाने कोही नभएर, मचाहिँ पछि भाई ठूलो भएपछि भाइसँग गाको स्कुल । अनि ठुलो भाइसँग गए, म सात वर्षको हुँदा खेरी बल्ल चाहिँ स्कुल जान थालेको । एकैचोटी १ क्लासमा नाम लेखाए, लेखाएर भाइसँगै पढे । पछि भाइ १ मा फेल भयो, म २ मा गए । म पास भए त्यसरी एक स्टेप चाहिँ एक क्लास तलमाथि हुँदैन हामी स्कुल पढ्न गयौ । पढ्न त्यसरी जान्थ्यौ तर के भने अब पढ्दै हुर्किंदै गयौ । पढ्दै हुर्किंदै जाँदाखेरि सामाज यस्तै त हो नि अहिले जे जे भनेपनि त्यो बेलाको समुदाय भनेको कस्तो भन्दाखेरि, छोरा र छोरीमा केही न केही त फरक हुने नै व्यवहारमा पनि । त्यतिखेर त अब मलाई चाहि कस्तो भने मैले यो महिला अधिकारको क्षेत्रमा काम नगरुन्जेल सम्म पनि मलाई त्यस्तो लाग्दैन थियो अनि जब चाहिँ म यो क्षेत्रमा आए, यो क्षेत्रमा आइसके पछाडि चाहिँ मैले एउटा ट्रेनिङ लिने मौका पाए, म त्यो पनि भनिहाल्छु । ट्रेनिङ लिने मौका पाए त्यसपछि महिला मानवअधिकार रक्षक संजालको चाहिँ जिल्ला सदस्य भइसकेपछि पछाडी चाहिँ हाम्रो यो महिलावादी क्षमता अभिवृद्धि तालिम भनेर चाहिँ १० दिनको ट्रेनिङ भयो के उदयपुरमा, ओरेक नेपालले गरेको थियो । अनि त्यो ट्रेनिङमा जब मैले भाग लिइसकेपछि मैले त्यो विगतमा त्यो बच्चादेखीको कुराहरु धेरै सोच्दै ल्याए के, सम्झे, त्यो सम्झिदा खेरी चाहिँ अनि मलाई लाग्यो कि मेरो सामाज यस्तो रहेछ, सामाज भित्र यस्तो यस्तो हुँदो रहेछ, हाम्रो परिवार भित्र यस्तो छ, त्योचाहिँ नजानीकन त्यो ढंगले यस्तो भइरहेको रहेछ भन्ने कुरा चाही मलाई त्यतिखेर महसुस भयो के । अनि मैले के महसुस गरे भने त्यतिखेर मलाई चाहिँ जति भाइहरु जस्तो, भाइहरू खेल्ने कुद्ने बाहिर यसरी उ गर्न जाने अनि जहिल्यै पनि त छोरी मान्छे भएर त्यसरी हिड्छेस्, अहिले भाइहरूसँग यसरी खेल्न सुहाउँछ, तैले त यस्तो गर्नुपर्छ त भनेर आमाले भन्नुहुने के । अनि तिमीहरुले त छोरी मान्छे भएपछि यस्तो हुनुपर्छ उस्तो हुनुपर्छ, यस्तो गर्नुपर्छ उस्तो गर्नुपर्छ, यो गर त्यो गर भनेर मचाहिँ घरमा मेरो आफ्नो सामान्य सक्नेभन्दा बढार कुरा, जहिले मैले दिनै करुवाहरु मस्काउनुपर्थ्यो बिहान बिहान । अनि त्यसपछि त्यती मेरो ड्युटी सकेर मात्रै खाना खाएर स्कूल जानुपर्थ्यो । अनि स्कूल जाने बेला मेरो भाइहरूलाई मैले खोज्न जानु पर्थ्यो । उनीहरु उठेदेखि खेल्न जान्थे । खेल्न जान्थ्यो अनि स्कुल जानुपर्ने बेलामा खोज्न जानु पर्थ्यो । मेरो आफ्नो सबै काम सकेर खोज्न जानु पर्थ्यो । खोजेर ल्याएर अनि भाइहरूलाई लिएर स्कुल जानु पर्थ्यो, त्यसरी गर्थे । अनि अब त्यो पनि के हो भन्दाखेरि उनीहरु छौरै भएको कारण उनीहरुलाई खेल्न जान दिइयो अनि अब म चाहिँ छोरी नै भएको कारणले गर्दाखेरि नदिएको रहेछ भन्ने मलाई पछि महसुस भयो । अनि पछि पढ्दै गयौ, हुर्किंदै गयौ अनि के भयो त भन्दाखेरि मचाहिँ अलिकति बाआमालाई धेरै पिर नदिने खालको के, जे छ जस्तो छ जे दिन्छन् त्यसैमा खुसी हुने, म धेरै कुरा माग्दिन पनि थिए, घरमा छैन भन्ने बुझ्थे नि त म । अनि बुझ्थे अनि भाइहरु चाहिँ रयाक् रयाक्ति गर्थे रुन्थे, रुएर झगडा गरेर पनि लिन्थे अनि उनीहरुलाई चाहिँ दिन्थे । मलाई चाहिँ अब म चुपै लाग्थे अनि मलाई त्यति ऊ पनि हुँदैन थियो । कपडा चाहिँ ल्याइदिनुहुन्थ्यो, स्कुल पठाउने ऊ गर्ने सिलाउनु हुन्थ्यो तर पछि मैले के मा चाही अलिकति पछाडि, त्यो पनि मैले त्यत्रो कुरा लिएको थिइन, त्यो ट्रेनिङमै चाहिँ महसुस गरे, के भनी भाइहरूलाई चाहिँ उनीहरु मन गर्दैनथ्यो ट्युसन पढ्न लाई, ट्युसन पढ्ने चलन थियो । अब अहिले पनि पढ्छन् । अनि पछि ८ क्लास देखि ट्युसन पढ्दाखेरि चाहिँ भाइहरूलाई पढ पढ भन्नु हुन्थ्यो के । ट्युसन पढ भन्दापनि मान्दैनथे उनीहरु अनि मैले चाहिँ पढ्छु भन्दाखेरी पनि जहिले पनि पढ्छु भनेरै व्यक्त गर्नु पर्थ्यो

। आफूले जानेर कहिले पनि हुँदैनथ्यो । अनि त्यहाँ देखि त्यो पनि किन भन्दाखेरि त्यही भएर हो कि भन्ने । अब त्यो नहुन पनि सक्छ । त्यो मेरो मनको संका मात्रै परेको पनि हुनसक्छ । अनि जहिलै मलाई के लाग्थ्यो भने जहिलै मैले व्यक्त गर्नु पर्थ्यो, भन्नुपर्थ्यो, माग्नु पर्थ्यो, उनिहरुलाई चाहिँ नमागे पनि गर गर भन्ने खालको, त्यस्तो खालको हुन्थ्यो के । अनि त्यस्तो हुँदाखेरी चाहिँ मलाई कताकता पछि चाहिँ मैले त्यो महसुस गरे । त्यही कारणले होला शायद भन्नेचाहिँ पछि महसुस गरे । अनि यो परिवारमै पनि यस्तो खालको हुने रहेछ अनि अब समाज यस्तै । अनि यसरी नै बित्यो मेरो बाल्यकाल । अनि पछि कलेज पढ्ने बेला भयो, जसोतसो एसएलसी पास गरियो । एसएलसी पास गरेपछि कलेज पढ्ने बेला भयो । अनि कलेज पनि मैले चाहिँ आफूले रुचाएको विषय भनेको मेलै कानुन लिएर पढ्ने सोच गरेको थिए, मलाई धेरै मनपर्थ्यो के, साह्रै मनपर्थ्यो । अनि म यस्तो पढ्छु भनेर भन्थे, फेरि त्यतिखेर धनकुटामा थिएन । पहिला थियो, त्यो मैले एसएलसी पास गरेर कलेज पढ्ने बेलामा त्यही सालमा चाहिँ विराटनगर पुगाइदियो । लगीदिएपछि त्यो नहुने भयो । अनि त्यो जिल्लादेखि बाहिर जान सक्ने, पढ्न सक्ने, पढाउन सक्ने क्षमता छैन भनेर भन्नुभयो । त्यहाँदेखि अर्को मेरो इन्ट्रेस्टको विषय भनेको त्यसपछाडिको अकाउन्ट हो । अकाउन्ट पढ्नलाई पनि धरानको चाहिँ हात्तीसार क्याम्पस पढ्न जानुपर्थ्यो । जिल्लादेखि बाहिर पढाउने हैसियत हाम्रो छैन भनेर भन्नुहुन्थ्यो बुवाआमाले । अनि यसो सम्झिन्थे, छैन पनि कति दुःख गरेर पढाइ राख्नुभएको छ भनेर अनि चुपै लागेर त्यहाँबाट म धनकुटा क्याम्पसको चाहिँ आर्टस् विषय लिएर पढ्न थाले । अनि यसरी चाहिँ अब छोरा भैदिएको थिए भनेदेखि सायद मलाई पठाउनु हुन्थ्यो होला बाहिर । सक्दै नसक्ने अवस्थाको पनि होइन किनभने पहिला चाहिँ अलिकति दुःख थियो, पछि त बाजेले अंशवण्डा गर्दिसके पछाडि त जग्गाजमिनहरु कम्तिमा थियो, त्यसलाई चाहिँ सदुपयोग गर्ने हो भने पढाउन सक्नुहुन्थ्यो होला । मैले पछि महसुस गरेको त्यो कुरा चाहिँ । सक्नुहुन्थ्यो होला तर किन त भन्दाखेरि म छोरी मान्छे भाको कारणले गर्दाखेरि उहाँहरुले आट गर्नुभएन होलाकी भन्ने त्यो खालको चाहिँ मलाई पछि पर्यो । यसरी नै बित्यो भनम न मेरो बाल्यकालहरु । यो पनि मेरो एउटा अनुभव नै हो । यस्तै हो, यसरी नै बितेको छ । अनि यसरी नै बित्ने सिलसिलामा तर म सानै देखिको अलिकति भनम न जब मैले कुरा बुझ्न थाले कस्तो भने मेरो वरपर समुदाय चाहिँ माथिल्लो, हामी नेवार समुदायको बीचमा छौ । अनि माथि अगाडि चाहिँ संभ्रान्त परिवारका नेवार समुदायहरु छन् । अनि त्या देखि हामी उनीहरूको घर पछाडी पछाडी मुनि मुनि चाहिँ हामी पिछडिएका हामी आठपहरिया राईहरु छौ । अनि केही भुजेलहरुको पनि छन् तर यी सबै चाहि कस्तो छ भनेदेखि तिनै माथिल्लो नेवारहरूको घरमा गएर अब धन्दा गर्ने, भाँडा माझ्ने, उनीहरुकै काम गरिदिएर त्यसरी जिबिकोपार्जन गर्नुपर्ने । तर त्यस्तो हाम्रो वरपर सबैले त्यो गरेपनि मेरो बाउ आमाले कम्तिमा त्यो कामचाँहि गर्नुभएन । त्यो गर्नुभएन बरु अर्काको, उनीहरूको जग्गाजमिन कमाएर खेती कमाई गर्नुभयो तर उहाँहरुले चाहिँ कहिल्यै गर्नुभएन । त्यसमा चाहिँ म एकदमै गर्व लाग्छ के । त्यो गरेर भएपनि हामीलाई चाहिँ हामीलाई गर्न नि पठाउनु भएन, आफूले नि गर्नुभएन, हामीलाई त्यसरी गर्न नि पठाउनु भएन । कसैको चाहिँ अब यस्तो हुन्छ, उनीहरुले चाहिँ काम गर्न जाने, काम गर्न गैसकेपछि त्यो काम गर्नेहरुलाई चाहिँ उनीहरूको छोराछोरीको कपडाहरु दिएर पठाउने के । अनि त्यस्तो खालको त्यो खालको अर्काको लुगाकपडा पनि कहिल्यै लगाउन दिनुभएन बरु च्यातिएकै होस आफ्नै लगाउनुपर्छ भनेर चाहिँ त्यसरी सिकाउनुहुन्थ्यो । अनि त्यो विषयमा चाहिँ मलाई एकदमै गर्व लाग्छ । दुःखै गरेर भएपनि कम्तिमा स्वाभिमानका साथ चाहिँ बाँच्नुपर्छ भन्ने खालको सिक चाहिँ दिनुभसको छ र पनि कता कता मलाई थोरै विभेद नै भाको हो कि भन्ने म आफूलाई चाहि परेको छ भनम न । अनि पछी अनि त्यो देख्दाखेरी उनीहरूले चाहिँ अलिकति हामीलाई थिचोमिचो गरेजस्तो अनि त्यो मलाई फिटिक्कै मन नपर्ने के । अनि म जहिले पनि उनीहरूको विरोध गर्थे । अब उनीहरु माथि हुन्थे, माथिबाट तलतिर हाम्रो आँगनमा फोहोर पानीहरु बगाइदिने अनि त्यहाँदेखि फोहोर मैला फालिदिने अनि त्यहाँबाट अब भन्दाखेरि पनि नसुन्दिने, त्यस्तो खालको चाहिँ गर्थ्यो । मलाई फिटिक्कै मन पर्दैन थियो । अनि काम मात्रै लगाउने । यिनीहरु त यस्तै हुन्, यसै गर्दा पनि हुन्छ भनेर धेरै गर्ने तर अहिले त त्यस्तो छैन फेरि । अहिले त त्यो समुदायमा यिनिहरुलाई यस्तै गर्नुपर्छ भन्ने त्यो पनि छैन । उनीहरुमा पनि एक खालको चाहिँ परिवर्तन आयो । हामीमा पनि अब केही न केहि भयो । त्यो भाकोले गर्दापनि अबचाहिँ यसरी चाहिँ गर्न हुन्न भन्ने खालको सबैमा आएको कारणले होला पहिला जस्तो छैन । तर पहिला धेरै नै त्यस्तो खालको थिचोमिचोको व्यवहारहरु हुन्थ्यो । अनि मलाई चाहिँ फिटिक्कै मन पर्दैन थियो । अनि प्राय म चाहिँ उनीहरुसँग प्राय बिवाद गरी राख्थे । अनि बिरोध गरिराख्ने अनि त्यस्तै हुन्थ्यो । अनि पछाडी असाध्यै हामीले सरसफाई बेहोर्नु पर्थ्यो । अनि पछि चाहिँ म कलेज पढ्न थालेपछि, अलिकति बुझ्ने भएपछि चाहिँ समूहहरू गठन गरेर अनि यस्तै संस्थाहरुमा आबद्ध हुने अनि त्यहाँ देखि यस्तो अभियान

तथा सरसफाई अभियानका क्रियाकलापहरु चाहीँ भयो । त्यसको चाहि प्रतिकार कसरी गर्ने, अब त्यसरी बढाए भने त्यो ढल व्यवस्थापन गर भनेर उनीहरुलाई दबाब दिने, त्यस्तो खालको चाहिँ क्रियाकलाप मैले सानैदेखि गर्दै आएको । सबैलाई भनेर अनि त्यसरी चाहिँ मैले सामाजिक कामचाहिँ यसरी सुरु गरेको । अनि पछि सामुदायिक स्वास्थ्य केन्द्र भन्ने एउटा संस्थामा म ५६ सालदेखि यहाँनिर आबद्ध भए । आबद्ध भइसकेपछि त्यहाँबाट मैले चाहिँ सरसफाई, स्वास्थ्य सरसफाइ, महिला स्वास्थ्य, शिशु पोषण, शिशु स्याहार, सुरक्षित मातृत्वका कुराहरू चाहिँ मैले त्यहाँबाट केही काम गरे त्यहाँ आवद्ध भएर । त्यहाँ निकै वर्ष गरे मैले अनि त्यसपछाडि मैले बिहे गरे । बिहे गर्दा खेरी पनि धेरै कुराहरु भयो त्यहाँ निर । कस्तो भयो भने अब यो मान्छेको भोलि भन्ने कुरा कसैले देखेको हुँदैन, भविष्य भनेको कसैले देख्या हुँदैन, कोसँग कसको के जोडिएको छ भन्ने कुरा पनि थाहा नहुँदो रहेछ । अनि अब बिहे गरे, आफूखुसी गरे बिहे पनि । मेरो बुवा आमाले मन्जुरी नदिँदा दिँदै, उहाँहरुले नरुचाएको व्यक्तिसँग बिहे गरे । अब त्यो नरुचाउने को कारण पनि थुप्रै थियो त्यहाँनिर । विभिन्न आर्थिक कुराहरु थिए, शिक्षाको कुराहरु थियो, उमेरका कुराहरु थियो, यी चाहिँ कुनै पनि कुराहरु हाम्रो तालमेल नमिलेको कारणले गर्दा पनि मेरो बुवा आमाले चाहिँ मञ्जुरी दिई राख्नु भा थिएन । तर मैले पछि जबर्जस्ती एकखालको म आफुले गरेर खान सक्छु, गर्छौ खान्छौ भन्ने हिसाबले चाहिँ गरे । अनि गरिसकेपछि अब निकै रिसाउनु भयो । धेरै समय मलाई बोलाउनु पनि भएन । नबोलाएपछि अनि पछि चाहिँ अब रिस मर्यो, एक वर्ष लगभग पछाडि बोलाउनुभयो । अनि यसरी भनौ, ठिकै थियो राम्रै थियो चलिराखेकै थियो तर त्योपनि अहिलेचाहिँ बिग्रेको अवस्था छ । अनि पछि भाईले पनि त्यसरी नै बिहे गर्यो, बाउ आमाको इच्छाविपरीत नै बिहे गर्यो । अनि उनीहरुलाई मिलाउने प्रयास पनि मैले नै गरे । मिल्यो पनि अब अहिले राम्रै छ उहाँहरूको, भाइबुहारी अब भदा भदैनी पनि भाको छ । अनि अब मेरो पनि राम्रै थियो, ठिकै थियो । यो क्षेत्रमा काम गर्दै आए । उहाँले मलाई धेरै सपोर्ट गर्नुहुन्थ्यो, मैले पनि उहाँलाई गर्थे । यसरी नै जीवन चलिराखेको थियो अब बीचमा अलिकति काचकुच भयो यो कुरो पनि । अनि यस्तै हो, यसरी नै गर्दै आएको छु । अनि पछाडी मैले यो महिला अधिकारकै क्षेत्रमा काम गरेको चाहिँ, स्वास्थ्य क्षेत्र छोडे अब व्यवहारिक कुराले थिच्यो मलाई । अनि राजनीतिक क्षेत्रमा पनि थिए पहिला चाहिँ, राजनीतिक क्षेत्रमा पनि अब एमालेको चाहिँ वर्गीय संगठनहरुमा आवद्ध भएर मैले क्याम्पस इकाई कमिटीमा पनि बसेर राजनीतिक क्षेत्रमा पनि अलिकति हात हाले । त्योपनि गरे, सबैखाले छ अलिअलि अनुभव । अनि अब युवा सङ्घको पनि जिल्ला कमिटीसम्म पुगे । अनि त्यसका पछाडि आएर वडामा पनि राम्रै सक्रिय रुपमा काम गर्दै आएको थिए । अनि यता सामुदायिक स्वास्थ्य केन्द्र मेरो छदै थियो सामाजिक काम गर्ने पनि । अनि त्यो हुँदाहुँदै मैले अलिकति बिहे गरिसकेपछि चाहिँ महिलालाई गाह्रो हुँदोरहेछ । बिहे गरिसकेपछि व्यवहारले थिच्ने त्यसमाथि पनि अब अलिकति सम्पन्न परिवार हुँदा, अब आयस्रोत भएर यता उता गर्ने हुँदाखेरि त ठिकै हुन्थ्यो, अब त्यो नहुँदा खेरीको उसमा चाहि आफैले जेरो लेभल देखि सुरु गर्नुपर्ने व्यवहार । बिहे गरिसकेपछि सबै व्यवहारहरू, घरको व्यवहारहरु सबै सम्हाल्नुपर्ने सासु ससुरा बुढाबुढी, अनि त्यो गर्दाखेरि चाहिँ म अलिकति राजनीतिबाट चाहिँ पछाडि हटे । अब त्यहाँ समय दिनुपर्छ, त्यो समय मैले दिन नसक्ने अवस्था भएपछि त्यहाँबाट म ब्याक भए । यता सामाजिक क्षेत्रमा चाहिँ त्यो संस्थामा आबद्ध भएर यसो अलिअलि दुःख गर्दै, अब यता पनि समय दिँदै व्यवहार पनि समाल्दै गर्दाखेरि अब राजनीतिक क्षेत्र चाहिँ मेरो ब्याक भयो । त्यसका पछाडि अब सामाजिक क्षेत्रमा चाहिँ म काम गर्दै नै आए । घर व्यवहार पनि चलाउँदै दुईजना श्रीमान श्रीमती भएर मिलेरै राम्रैसँग, उहाँले मलाई धेरै सपोर्ट गर्नुहुन्थ्यो अनि पछाडी मैले पनि उहाँलाई धेरै सपोर्ट गरे । मैले उहाँको घर व्यवहार थामदिएर नै उहाँले पनि एकखालको पछाडि उहाँले चाहिँ पत्रकारिता क्षेत्रमा चाहिँ जानुभयो श्रीमान् चाहिँ । पत्रकारिता क्षेत्रमा जानुभयो त्यसपछाडी अब त्यहाँपनि त्यस्तो धेरै आर्थिक लाभ त हुने होइन । आर्थिकरुपमा हाम्रो एकदमै स्ट्रगल गर्नु परेको अवस्था थियो । अब दिगो आयआर्जनको स्रोत केही पनि छैन, अब खेती कमाई पनि त्यति राम्रो जग्गाजमिन पनि छैन अनि त्यो भाको कारणले गर्दाखेरि जसोतसो अब यता गर्यो उता गर्यो यसोतेसो गरेर सामान्य गुजारा चलाउँदै, सामाजिक क्षेत्र पनि समाल्दै, यसरी चाहिँ गर्दै आएका उहाँ पनि पत्रकारिताको क्षेत्रमा आउनुभयो । अब त्यहाँ पनि कमाई त हुँदैन राम्रो, पहिला त धेरै संघर्ष नै गर्नुपर्छ । अनि त्यस्तो गर्दै बिस्तारै आफ्नो पहिचान पनि स्थापित गर्नुभयो, २-४ पैसा कमाउन पनि थाल्नुभयो पछाडि तर अब त्यस्तै हो । अब उहाँले चाहिँ, त्यस्तै भयो भनम न । अब त्यसै गर्दागर्दै, बाहिर त्यसरी हिँड्दाहिँड्दै, रिपोर्टिङको लागी जाने भन्नुहुन्थ्यो, के भन्नुहुन्थ्यो, अब हामी जस्तो मान्छेले अविश्वास गर्ने कुरा पनि हुँदैन, शंका गर्ने कुरा पनि हुँदैन । जसरी मलाई चाहिँ उहाँले फ्रि हिसाबले जसरी विश्वास गरेर छोड्नु भाको छ, मैले पनि उहाँलाई छोड्नुपर्ने हुन्छ । अनि त्यस्तै हुँदाहुँदै अब पछाडि त उहाँको चाहिँ अन्ततिर त्यस्तो रहेछ । पछाडि

अब अहिले अर्को बिहे गरेर बस्नु भाको छ । एउटा छोरी छ, छोरीसँग म छु अहिले । यसरी नै चलिराको छ । अब संस्थागत कुरामा त अब महिलाको क्षेत्रमा काम गर्दाखेरी विभिन्नखाले जोखिमहरु चाहिँ गरिराखेका छौ, जोखिमहरु सामना गरेर गर्नु परिरहेको अवस्था छ । अब हामी आफैले स्थापना गरेको संस्था हो, कुनै डोनर छैन, कसैको सपोर्ट छैन । हामीले पनि अब यस्तो रहेछ, एउटा पीडा महसुस गर्ने मान्छेले अर्को पीडित महिलाको भावना बुझ्िन्छ, उनीहरुकै लागि गरौ भन्ने हुँदो रहेछ । अनि त्यही भएर यो भन्दा पछाडि हट्न पनि सकेको छैन । अब सकिँदैन चलाउन नसकिने रहेछ भनेर अब यो संस्था पनि छोडौ भनेर भन्दाखेरि पनि त्यो पनि अवस्था छैन किनभने अब यही क्षेत्रमा हामी काम गरील्यायौ अब सबै महिलाहरुले चाहिँ एक खालको हामीले पनि पहिचान बनाएका छौ कि हामीले यी महिलाहरूले चाहिँ हाम्रो केही गर्छ है । हामीले पीडितहरूको लागि, उहाँहरुले बोली दिनुहुन्छ सपोर्ट गर्दिनु हुन्छ भन्ने खालको एक खालको त्यो पहिचान बनाएको कारणले पनि होला अब म गर्दिन भनेर पनि धर पाउने अवस्था छैन । अब पीडित यस्तै समस्या परेपछि आउनुहुन्छ, लौ न यस्तो भयो यस्तो गर्दिनु पर्यो सहयोग गर्दिनु पर्यो भन्दै रुदै कराउँदै आउनुहुन्छ, त्यस्तो भइसकेपछि अब म गर्दिन मैले छोडिसके भनेर भन्ने धर पाउने अवस्था पनि छैन । त्यही भएर अब गर्नुपर्छ । अब गर्दाखेरी कस्तो रहेछ भन्दाखेरी अब हाम्रो महिलाहरूको यो हिंसाको क्षेत्रमा काम गर्नेको चाहि कस्तो हुँदोरहेछ भने, अब पीडितको पक्षमा काम गर्दाखेरि हामी पीडितले हामीलाई राम्रो देख्छ । हामीले उसको लागि धेरै उद्धार गरेको देख्छ तर संगै पीडक त के छ भन्दा पीडक पक्ष त रुस्टिएका छन् नि त हामीसँग । उनीहरुका त हाम्रो दुश्मन । अनि झन त्यो पीडकलाई संरक्षण गर्ने, पिडक मात्रै होइन पीडकको परिवार मात्रै नभएर उलाई चाहिँ संरक्षण गर्ने चाहि अहिले त के भइदिन्छ भन्दा खेरि फेरी राजनीतिक दलहरुले सपोर्ट गर्दिन्छ । राजनीतिक दलका मान्छेहरुले सपोर्ट गर्दिन्छ अनि त्यहाँ देखि हाम्रो समाज पनि त्यस्तै छ । सामान्य महिलाहरु माथि भाको कुटपिट, महिलाहरु चाहिँ यस्तै हुनुपर्छ यस्तो नभई दिएपछि यस्ता महिलाहरुलाई त यस्तै गर्नुपर्छ, यस्तै त हुन्छ नि, महिला भएपछि अलिकति सहनुपर्छ, भन्ने खालको चाहिँ धारणा हाम्रो समाजमा अझै पनि विद्यमान छ । त्यो कारणले गर्दाखेरि मिल्नुपर्छ मिलाउनुपर्छ, यहाँसम्मकी जबर्जस्ती करणीको मुद्दा पनि मिलाउनुपर्छ भन्छन् । अनि अब पीडकहरूले त्यसरी नै राजनीतिक दलकाहरुले पनि उनीहरुलाई नै संरक्षण गर्दिन्छ, होइन सकेसम्म यतै मिलाम्, यतै गरम्, मिल्नुपर्छ भनेर दबाब दिन्छ । तर हामीले चाहिँ, त्यो भनेको त जगन्य अपराध हो, अपराध गर्ने अपराधीलाई सजाय दियो भने न भोलि अर्को तर्सिन्छ, अनि यस्तो खालको हुँदैन भन्ने खालको कुरा गरेपछि हामी एकदमै न्यायको पक्षतिर लाग्छौ । त्यो भैसकेपछि यो महिलाले, यो संस्थाका महिलाहरुले चाहिँ, यी महिलाहरूले चाहिँ एकदमै महिलाहरुलाई उचालेर उकासेर सबैलाई जेल हाल्छ भन्ने सोचाइ छ । त्यो भइसकेपछि उनीहरूको हेर्ने दृष्टिकोण एकदमै फरक हुन्छ हामीलाई हेर्ने । उनी अब पीडितहरूले त हामीलाई चाहिँ राम्रो माने पनि अर्को पक्ष रुस्टिएको हुन्छ । अर्को पक्ष चाहिँ शक्तिशाली पक्ष हुन्छ के फेरि, पावरफुल हुन्छ, त्यसो हुँदाखेरी अब हामीलाई भोलि सपोर्ट गर्ने ठाउँमा त्यो सपोर्ट हुँदैन । जस्तो अब एउटा उदाहरणका लागि लिनुपर्दा खेरि अब अहिले त स्थानिय सरकार छ प्रदेश सरकार छ, जुन राजनीतिक दलले जितिरहेको छ त्यसकै सरकार छ भइरहेको छ । त्यो खालको हुदाखेरी के हुन्छ त भन्दाखेरी अब उनीहरु सँग कुनैबेला हामीचाहिँ  भिडन्त भइरहेको हुन्छौ, त्यो इस्यु चाहिँ उनीहरुले बोकि राको हुन्छ के, ए यो संस्थालाई हुँदैन, यो त यस्तो खालको संस्था हो, यी महिलाहरु त यस्ता खालका हुन् भनेर त्यस्तो दृष्टिकोणले हेर्दिन्छ । अनि अहिले हामीलाई एकदमै गाह्रो, अवस्थामा छौ के यतिखेर । सजिलो हुन्छ भनेर भन्या झन गाह्रो भयो के । अब पहिला हामीले हाम्रो महिला पुर्नस्थापना केन्द्र दर्ता गरेको पनि एउटा यो ६५ सालमा हामीले महिला मानवअधिकार रक्षक सञ्जाल गठन गर्यौ । महिला मानवअधिकार रक्षक जिल्ला सञ्जाल यो ओरेक नेपालले नै हामीलाई ओरेक नेपालको पहलमा अनि महिला बालबालिका कार्यालयसँग समन्वय गरेर अनि यो दुइटाको पहलमा जिल्लामा हामीले गठन गरेको ६५ सालमा । ६५ सालमा गठन गरिसकेपछि हामीले यस्तै महिलाहरूको क्षेत्रमा अलिकति महिलाहरुलाई सपोर्ट गर्न सुरु गर्यौ । सुरु गरिसकेपछि के भयो त भन्दा खेरी महिलाहरु चाहिँ, कस्तो खालको पीडित महिलाहरु आउदारहेछन् भन्दाखेरी ती महिलाहरु चाहिँ न घरमा सुरक्षित छन् न बाहिर सुरक्षित छन् । विवाहित महिलाहरु पनि कुनै महिलाहरु चाहिँ न माईतीले उनलाई संरक्षण गर्न सक्छ न घरले संरक्षण गर्न सक्छ र घरले घर पट्टिबाट निकाला गर्ने र माइतीले पनि संरक्षण गर्न नसक्ने अवस्थाका महिलाहरुको जुन हुन्छन् जस्तो रेप केसको भए अनि त्यहाँदेखि त्यसैले ललाई फकाई गरेर, यौन शोषण गरेर, त्यस्तो खालको महिलाहरु चाहिँ विस्तापित हुने । अथवा चाहिँ घर परिवारमै राख्दाखेरी जस्तै हाल करणीमा परेका ती महिलाहरुलाई चाहिँ कानुनीरुपमा उनीहरुले चाहिँ आफ्नो न्यायको लागि खोजी गर्दै आफ्नो घटनालाई बाहिर ल्याएर न्यायका लागि खोजी गर्न आउँदाखेरी के हुँदोरहेछ

भन्दाखेरी पहिला चाही मुद्दा लेखाउन आइहाल्छन् । आईसके पछाडि  अब उनीहरुलाई त पीडा पर्या हुन्छ, आउँछन् नि त । आईसके पछाडि चाहिँ के हुँदोरहेछ भन्दाखेरी उनीहरुलाई चाहिँ पारिवारिक दबाबहरु आउने रहेछ । हामीले यो महिला पुर्नस्थापना सेवा केन्द्र गर्नुकै कारण चाहिँ के हो त भन्ने कुरा मैले जोडी राको छु अलिकति । हामीले त्यो डब्लु.एच.आर.डी मा काम गरुन्जेल एउटा यस्तो केस आयो । यतिखेर म ओरेक नेपाल विराटनगरमा काम गर्थे । त्यतिखेर कस्तो केस आयो भने चाहिँ आफ्नै बाउले छोरीलाई रेप गरेछ । रेप गरेपछि आमाले चाहिँ रुदै कराउँदै लिएर आयो । सबै अधिकारकर्मी हाम्रै साथीहरु हुनुहुन्थ्यो, उहाँहरु सबैले सपोर्ट गर्नुभयो । अनि त्यो बच्चीलाई चाहिँ त्यतिखेर राख्ने ठाउँ कतै थिएन । धनकुटामा सुरक्षित साथ राख्ने कुनै सघसंस्था पनि थिएन र राज्यको पनि कुनै त्यस्तो खालको चाहिँ सुरक्षा आवासगृहहरु त्यस्तो खालको थिएन । अनि त्यो नभइसकेपछि एकजना हाम्रो अधिकारकर्मी दिदीको घरमा राखियो । पार्वती राई भन्ने,  उहाँको घरमा राख्नु भएछ साथीहरुले म चाहिँ विराटनगरमा थिए । अनि राख्दाखेर उहाँले चाहिँ ३-४ दिन राख्नुभयो त्यसका पछाडि चाही फेरी आमा चाही आएर लान्छु लान्छु भन्न थाल्नु भएछ । म मेरो छोरी घरै लान्छु अब जे हुन्छ घरमै लान्छु भनेर भन्नुभयो । भनी अब त्यो लानुको कारणचाहिँ उसलाई पनि दबाब आएछ त्यहाँ, अब मिल्नुपर्छ कहाँ आफ्नै बाउलाई जेलमा हाल्ने, आफ्नै बुढोलाई जेलमा हाल्ने, हुँदैन भन्ने कुरा आएछ । अब त्यो भइसके पछाडि उहाँले पनि के मैले पनि धेरै उ गरी राख्ने त भनेर स्वाट्टै छोरी दिइ पठाउनु भएछ, त्यो नानि दिइ पठाउनु भएछ दिदीले पनि । उहाँको छोरी हो आमा आएपछि दिनै पर्यो, दिएर पठाउनु भएछ । दिएर पठाउनु भए पछाडी केस होस्टाइल  भैगयो । केस होस्टाइल कसरी भए त भन्दाखेरि त्यो पनि उल्टो आक्षेप लगाएर, यो चाहिँ मैले अरूको बहकाइमा मेरो बुवाले केही भनेको थिएन, केही गर्नु भाको थिएन, अरूको बहकाइमा आएर ति दिदीहरुको बहकाइमा आएर चाहिँ मैले यस्तो गरे, भन्ने कुरा गर्यो उसले । तर उ वास्तविक पीडित चाहिँ हो फेरि । ऊ माथि रेप भाकै हो । त्यसरी गरेर चाहिँ उसले वयान गर्यो । गरिसकेपछि उसलाई नै सजाय भयो, ३ महिनाको हो कि कति महिनाको सजाय भयो ।  त्यो केसमा चाहिँ फेरि हाम्रो सिडियो साहाबहरु, त्यतिखेरको तत्कालीन सिडियो साहाबहरु अनि एलडियो साहाबहरु सबै त्यो केसमा एकदम सेन्सेटिभ हुनु भाको थियो तर पछाडी गएर केस होस्टाइल भइदियो । भइदिएपछि अनि चाहिँ अब यस्तो खालको महिलाहरुलाई राख्न चाहि, उसलाइ चाहि कानुनी प्रक्रिया रहुन्जेलसम्म कानुनत कम्तिमा सेफ ल्यान्डिङ गर्नलाई गर्नुपर्छ होला भनेर त्यो आवश्यक रहेछ भन्ने सोचेर सबैको एक खालको भएपछि यो चाहिँ महिला पुर्नस्थापना सेवाकेन्द्र यसरी स्थापना भयो । यो चाहिँ जिल्ला प्रशासन कार्यालयमा दर्ता गरेर चाहिँ सुरु गरेका हौ हामीले २०६८ सालमा । अनि त्यहाँदेखि अहिले निरन्तर म त्यसैमा चाहिँ आवद्ध भएर काम गरिराछु, म त्यसको उपाध्यक्ष छु । अनि त्यो भन्दा अगाडि एउटा यस्तो घटना घट्यो की एकजना महिला, उसलाई चाहिँ आफ्नै जेठाजुले ललाइफकाई गरेर उसलाई गर्भवती बनायो । गर्भवती बनाएपछि त उसलाई घरबाट निकाला गर्दियो । निकाला गरिदिएपछि प्रहरीमा ल्याएर प्राङनमै छोडेर गैदियौ । अब त्यो महिलालाई एउटा सानो काखमा बच्चा पनि छ, गर्भमा बच्चा पनि छ । अब गर्भवती महिला त्यसमाथि सानो छोरा पनि भाको अब त्यस्ता महिलालाई सडकमा छोड्ने कुरा भएन । कसैकसैले त संरक्षण दिने पर्ने अवस्था भयो । त्यस्तो भइसके पछाडि उसको एकखालको मुद्दा पनि यताबाट जोसँग भाको हो उसको नाम जोडिएको ति मान्छेसँग मुद्दा जोड्दै, त्यो मुद्दालाई पनि अगाडी लादै त्यो महिलालाई हामीले त्यतिखेर हाम्रो आफ्नो धनकुटामा नभइसकेपछि ओरेक नेपालमा पठायौ । ओरेक नेपालमा नौ महिना राख्दा त्यो बच्चा पनि त्यही जन्मियो, एउटा छोरा जन्मायो । त्यस पछाडि ओरेकले फेरि हामीलाई नै जिम्मा दियो, धनकुटामा ल्यायौ । ल्याएर अनि एउटा कोठा खोजेर राखिदियौ । अनि त्यसरी एकदमै गाह्रो भएपछि लु यो चाहिने रहेछ भन्ने हिसाबले, यस्ता थुप्रै २-३ वटा घटनाले चाहिँ हामीलाई प्रेरित गरिसकेपछि प्रशासनलाई पनि एक खालको चाहिँ ध्यानाकार्षण गर्यो यस्ता घटनाहरुले । त्यो भइसकेपछि लु अब यसरी गर्नुस् तपाईंहरुले, हामीले सपोर्ट गर्दापनि कुनै दर्तावाला संस्थाले मात्रै हामीले सपोर्ट गर्न सक्छौं, भन्नेखालको चाहिँ तत्कालिन एलडियो साहाबले पनि कुरा गर्नुभयो । त्यो भइसकेपछि हामीले दर्ता गरेर २०६८ सालमा महिला पुर्नस्थापना केन्द्र भनेर दर्ता गर्यौ । दर्ता गरिसकेपछि दर्ता गरेर हामीले त्यहाँदेखिको अहिले सामान्य अल्पकालिन सुरक्षा आवास केन्द्र, सेवा केन्द्र संचालन गरेर महिला, बालबालिकाहरुलाई चाहिँ हामीले त्यहाँ संरक्षण दिएर उनीहरूको चाहिँ कानुनी प्रक्रियाहरू अगाडि बढाइदिने, सपोर्ट गर्ने, सहयोग गर्ने कामहरु गरिरहेका छौं र अब अहिले त्यो गर्दा खेरिको अवस्थामा यस्ता थुप्रै महिलाहरु यतिका बर्षको दौरानमा काम गर्दा हामीले थुप्रै खालका घटनाहरुलाई हेर्यौ । थुप्रै खालको घटना धेरै जोखिमपूर्ण घटनाहरु अब एउटा त सामूहिक बलात्कारको घटना थियो । त्यसलाई चाहिँ हामीले ९-१० महिना सेवा केन्द्रमा राख्यौ । पछाडि उसको चाहिँ त्यो एउटा आरोपी चाहिँ फरार थियो । त्यसले गर्दाखेरि

बकपत्र पनि ढिलो भयो । अनि पछि चाहिँ बकपत्र बल्ल तोकियो । तोकिसकेपछि उसको आफ्नो आफन्तले उता पिडक पक्षहरुले धेरै उता उसको आफन्तहरुलाई दबाब दिएर चाहिँ पैसाको प्रलोभन देखाएर, के देखाएर, जग्गाजमिन दिन्छौं यता उता भनेर, प्रलोभन देखाएर, धेरैपटक टर्चर हामीलाई पनि दिन आए । त्यो घटना हुँदा त कोही आएको थिएन । उसलाई संरक्षण दिने, उसलाई सहयोग गर्ने, सपोर्ट गर्ने कोही आएन तर पछि बकपत्र हुने बेलामा चाहिँ के भयो त भन्दाखेरि उसको आमा पनि आयो, उसको बाउ पनि आयो उसलाई लिनलाई । आयो तर हामीले त्यो दिन सकेनौ । अब यो कानुनी प्रक्रियामा गाको चाहिँ हामी त्यो फैसला नभएसम्म दिँदैनौं भन्यौ । अनि हामी त्यस्तो होइन, दशैंमा लान्छौ अनि उसको बकपत्रमा ल्याइदिन्छौ भनेर फकाएर फुलाएर उसलाई पनि जान्छु भन्ने बनाएपछि लग्यो, पठायौ । पछाडि बकपत्रको बेलामा त ल्याइदिन्छु भनेको थियो तर ल्याउँदै ल्याएन । ल्याउँदै ल्याएन , ऊ आउन खोजेको रहेछ, उसलाई त हिलेमा बन्धक बनाएर राखेको रहेछ । अनि लुकेर चोरेर उसले फोन गरेर, मलाई त यसरी बन्धक बनाएर राखेको छ तपाईहरुको मलाई लिन आउनु भनि फुच्चिले । अनि त्यसो भनिसकेपछि हाम्रो सचिव ज्यू, हाम्रो हिमा चेमजोङ र म, दुईजना एउटा गाडी रिजर्भ गरेर सरर हिलेमा गाको । अनि यता खोज्छौ भेट्दैनौ, उता खोज्छौ भेट्दैनौ । उसको मामालाई भेट्यौ, मामाले त यत्रो खुकुरी लिएर हामीलाई त है अनि कसिएर तलदेखि आउँदै रहेछ अब भेटेभने काट्छु भन्ने थियो होला सायद । खुकुरी यत्रो लिएर आयो, लिएर आइसकेपछि अब म आफूचाहिँ ढिलो कुरा बुझ्ने मान्छे अनि हाम्रो सचिब ज्यु चाहिँ धेरै छिटो के त्यस्तो कुरामा, धेरै बाठो, त्यस्तो कुरा धेरै छिटो बुझ्ने । अनि कति चाँडो देख्नुभएछ के, तल देखि कसिएर त्यो खुकुरी भिरेर आएको देख्नुभएछ । उ तिम्रो बा चाहिँ आउदैछ त्यहाँ खुकुरी भिरेर भनेर मलाई त केही नभनीकन स्वाट्टै तानेर एउटा घरभित्रको तल गल्ली-गल्ली छिरी तल कोठामा लगेर चाहिँ राख्नुभयो । अनि किन तान्नु भएको भनेर मैले भने दिदीलाई । तिमीले देखेनौ त्यहाँ त्यत्रो खुकुरी कसेर आको भन्नुभयो । त्यतिखेर हामीलाई भेटेको थियो भने त्यो मान्छेले पक्कै पनि हामीलाई केही न केही गर्थ्यो होला । अनि त्यो भइसकेपछि हामीले हतार हतार त्यहिको एकजना पहिला त्यो केस लिएर आउने भाइलाई फोन गर्यौ । त्यहाँबाट अनि चौकीमा फोन गरेर अनि प्रहरीलाई बोलाएर अनि त्यसरी चाहिँ हामीले त्यो भाईलाई पनि पक्रिन लगाएर अनि त्यहाँ देखि हामी त्यसरी सुरक्षित भएर त्यो नानि, बहिनीलाई पनि पत्तो लगाएर अनि त्यो बहिनीलाई त्यहाँबाट रेस्क्यू गरेर ल्याएर चाहिँ हामीले पछाडि सेवा केन्द्रमा लगेर, २ दिनपछाडि बकपत्र थियो अनि बकपत्र गराएर अनि त्यो मान्छेहरूलाई सजाय दिलाउन सफल भयौ । अनि त्यो बहिनीलाई पनि हामीले दुई अडाइ वर्ष सेवा केन्द्रमा राख्यौ । पछि उसले चाहिँ एकजना केटा आफैंले मनपराएर, आफैले बिहे गरेर गइन् त्यहीबाट । अनि त्यसरी चाहिँ त्यस्तो पनि भाको छ । अनि यस्ता त थुप्रै गर्यौ हामीले । एउटा मान्छेलाई पक्रिनलाई नाटकीयरुपमा चाहिँ हामीले दमकमा गएर दमकबाट पक्रेर लिएर आयौ । ८ महिनासम्म फरार भाको मान्छे अनि उसले त पछाडी त्यो केटीलाई फकाएर फुलाएर फेरि बोलाएर उसले इन्डिया लान खोजेको रहेछ । इन्डिया ऊ पहिला लुकेर भागेको थियो । पछाडी फर्केर आएर पनि उसलाई चाहि फकाएर फेरी इन्डियाम लान खोजेको रहेछ । अनि त्यतिखेर फेरि पक्रेर हामीले चाहिँ दमकमा गएर एकदम नाटकीय ढंगबाट चाहिँ छापा मारेको जस्तै गरेर पक्रेर लिएर आयौ । अनि त्यस्तो घटनाहरू हामी थुप्रै बेहोर्यौ । अनि कतिपय चाहिँ अपराधीहरू नै भनौ, अब अदालतले सजाय दिसकेको त अपराधी नै हुन्, फैसला गरिसकेका ती अपराधीहरू कतिपय जेलमा छन् । अब उनीहरुले चाहिँ निस्केपछि हेरौला, देखौला भन्ने पनि छन् । हामी पनि हेर्छौ, निस्किन त दिनु, त्यस्तो दादागिरी गर्ने थुप्रै छन् । अब निस्किँदै छन् केही केही , बेलैमा अब १-२ वर्षमा निस्कँदै छन्, हेरौं के-के गर्छन र अब त्यस्तै हुँदाहुँदै अर्काको गर्दागर्दै, अरू महिलाहरूको बालबालिकाहरूको घटनालाई लिएर उनीहरूको न्यायका लागि काम गर्दागर्दै अहिले आएर आफै पनि पीडित भइयो । आफ्नै पनि त्यस्तै भयो । पछाडि मेरो श्रीमानले पनि त्यस्तै गर्नुभयो गत वर्ष । अब एक वर्ष भयो अस्ति । अनि हराउनु भाको थियो अचानक, हराएर पछि पोखरामा बसेको पत्ता लगाईकन, पत्ता लगाएर पनि अब ति गएर पक्राएर, लिएर आएर नि मुद्दा हाल्देको मैलेपनि । अब मुद्दाको छिनोफानो पनि भइसकेको छ । यस्तै यस्तै छ जिन्दगी यसरी नै बितिराको छ । अनि अब यस्तै क्षेत्रमा काम गर्दागर्दै कोरोनाको अनुभव पनि बटुल्न पाइयो । कोरोना पनि बटुलीयो, आफै पिडित पनि भईयो, अरुलाई पनि उद्धार गरियो, आफ्नो पनि उद्धार गरियो, त्यसरी नै चलिराको छ ।

प्रश्नः तपाईलाई सामाजिक क्षेत्रमा काम गर्नको लागि चाहिँ उतप्रेरणा चाहिँ कसरी तपाई कसरी प्रेरित भई राख्नुभएको छ, हौसला र साहास काहाँ बाट आइरहेको छ नि ? अर्को कुरा चाहिँ कस्तो भने तपाईंचाहिँ यो सेक्टरमा हुनपर्छ है, लाग्नुपर्छ है, भन्ने खालको तपाईंको महत्व चाहिँ कहाँ निर देख्नुहुन्छ तपाई ?

उत्तर: अब त्यो मैले अघि पनि भने, यो सामाजिक क्षेत्रमा त म आफै पनि कस्तो भने मैले अघि पनि भने बच्चै देखिको माथिल्लो वर्गका मान्छेहरूको थिचोमिचो, त्यो देख्दै उनीहरूको चाहिँ प्रतिकार म गर्थे, विरोध गर्थे । अनि यिनीहरुलाई चाहिँ कसरी परास्त गर्नेखालको भन्ने खालको, मलाई बच्चैदेखि त्यस्तो खालको एकखालको आउँथ्यो । अब एस्तो प्रेरणा चाहिँ भन्नुपर्दाखेरी मलाई यो सामाजिक क्षेत्रमै लाग्ने प्रेरणा दिनु भाको चाहिँ मेरो बुबा पनि हो । बुवा भन्दा पनि अझ अगाडि चाहिँ हाम्रो वडा अध्यक्ष ज्यू हुनुहुन्थ्यो । त्यतिखेर मेरो बुवा सँगसँगै स्थानीय निकायको निर्वाचनमा, ५४ सालको निर्वाचनमा वडा अध्यक्ष हुनुभयो । पछाडि उहाँ नै हुनुहुन्थ्यो हाम्रो महिला सामुदायिक सेवा भन्ने संस्था, उहाँले नै मलाई पछि यो क्षेत्रमा चाहिँ यो संस्थामा आवद्ध हौ, तिमीलाई यस्तो खालको चाहिँ तिमी एकदमै सामाजिक रुचि भाको मान्छे हो, अलिकति केहि गरौं भन्ने खालको चाहिँ युवा महिला पनि हौ, त्यो भएको हुँदाखेरी तिमी यो संस्थामा आबद्ध हौ भनेर भन्नुभयो । अनि त्यस पछाडि नै म आवद्ध भए । अनि सँगसँगै मेरो बुवाले चाहिँ मलाई चाहिँ विभिन्न ट्रेनिङहरुमा, आमाले कतै जान नदिएपनि, कुनै ट्रेनिङहरुमा जानुपर्यो अथवा कतै जानुपर्यो भने पनि आमाले अलिकति संकुचित भावना राख्दिनु भयो भने बुवाले चाहिँ मलाई एकदम प्रेरणा दिनुहुन्थ्यो, पठाउनु हुन्थ्यो । तिमी यहाँ जानु पर्छ, त यहाँ जानुपर्छ, यसो गर्नुपर्छ, जा भनेर भन्नुहुन्थ्यो । अनि त्यसरी चाहि यो सामुदायिक स्वास्थ्यबाटै सुरु गरेको हो मैले । अनि अब सँगै राजनीतिक संगठनहरुमा पनि आवद्ध त्यसरी भएर लागेको हो । तर पछाडि अब पछाडि एक त सामाजिक हिसाबले पनि लागे भने अर्कोचाहिँ व्यवहारिक भइसकेपछि २-४ पैसाको लागि भएपनि कमाई गर्नुपर्छ, ब्यबहार चलाउनुपर्छ । त्यसको लागि पनि मैले चाहिँ सामुदायिक स्वास्थ्य सेवा केन्द्रलाई छोड्न सकिन । अनि अब सामान्य सानो-सानो तेतिखेर प्रोजेक्टहरु पनि आएको थियो अनि त्यही गरेर गरे । अनि पछाडी चाहि यो महिलाको क्षेत्रमा लाग्ने चाहीँ, मैले टिचिङ पनि गरे, सुरुमा त मैले के के गरे । टिचिङ मैले लगभग डेढ वर्ष जस्तो गरे, डेढ दुईवर्ष गरे भनम न । दुईवर्ष सामुदायिक स्वास्थ्य सेवा केन्द्रमा प्रोजेक्ट पनि सिद्धियो त्यहाँ काम पनि त्यति थिएन । मगर नेवार त चलाउनुपर्छ, त्यो हिसाबले पनि मैले अनि टिचिङ पनि गरे । टिचिङ स्थानीय स्रोत भन्दापनि विद्यालयको निजी स्रोतबाट अब स्यालारी धेरै हुँदैन थियो त्यो सबैलाई थाहा छ, २०००-२५०० मा काम गर्नुपर्थ्यो । अनि दुईवर्ष गरे पुरा पनि । अनि त्यै गर्ने दौरानमा म यता डब्लु.एच.आर.डि मा सदस्य भएको हिसाबले पनि मैले चाही त्यही महिलावादी क्षमता अभिवृद्धि तालिम लिने चाहिँ अवसर पाए । अनि मलाई चाहिँ यो महिला अधिकारको क्षेत्रमा काम गर्न, यो लैङ्गिक हिंसाको विरुद्धमा, यो लैङ्गिक सामाजिक विभेद भनेको कुरा नै के हो भन्ने कुरा चाहिँ मैले त्यहाँबाट बुझेको हो । त्यो ट्रेनिङले मलाई यति धेरै प्रभावित बनायो कि त्यसमा पनि अब रेणु दिदी हुनुहुन्थ्यो, अब रेणु दिदीले दिनुभएको ट्रेडिङमा हामी सबैलाई उर्जा त दिन्छ नै । पहिलोचोटीको ट्रेनिङ त्यो हो, त्यो ट्रेनिङबाट म एकदमै प्रभावित भएर अनि पछाडी मैले स्कुलै छोडे । स्कुल छोडेर अनि यो सेक्टरमा आए । अनि त्यस पछाडि ओरेकमा पनि काम गर्ने मौका जेहोस् अवसर ओरेकले नै दियो मलाई । त्यो ट्रेनिङबाटै चाहिँ मलाई रेणु दिदीले, एउटा डब्लु.एच.आर.डि क्याम्पेनको चाहिँ पूर्वाञ्चलमा काम गर्ने मान्छे छैन, तिमीले गर्छौ भन्ने कुरा गर्नुभयो । अनि त्यसपछाडि म त्यो क्षेत्रमा लागेपछि त्यसरी नै लागे । अनि त्यसमा मैले धेरै त गरिन, दुई अढाई वर्ष गरे । अनि त्यसपछि आएर चाहिँ म फुल्ली यता जिल्लामा आएर डब्लु.एच.आर.डि र महिला पुर्नस्थापना सेवा केन्द्रमै अहिले पनि गरिराखेको छु । त्यसैमा आवद्ध भएर गरिराखेको छु । मेरो प्रेरणाको स्रोत भन्नुपर्दा खेरि त यो दश दिनको ट्रेनिङमा, रेणु दिदीले  दिनुभएको ट्रेनिङनै हो । यो महिलाको अधिकारको क्षेत्रमा विशेष गरेर यो कुराहरु चाहीँ गर्ने पर्ने रहेछ, म पनि त्यसबाट पीडित रहेछु भनेर मैले आफुलाई मेरो विगतलाई विश्लेषण गर्ने, आफूलाई विश्लेषण गर्ने अनि म आफु पनि पीडित रहेछु भन्ने खालको चाहिँ मलाई त्यतिखेर चाहिँ एकदमै महसुस भयो र हामीले यो क्षेत्रमा गर्नुपर्ने रहेछ, यो आमूल परिवर्तन गर्नुपर्छ, यो डिस्क्रिमीनेसन चाहिँ निर्मुल गर्नै पर्छ, केही न केही गर्नैपर्छ भन्ने खालको चाहिँ मलाई त्यहीबाट चाहिँ भाको हो । त्यसपछि मैले स्कुल पनि छाड्दे अनि यसरी नै लागेर यसरी आको । अब गर्दाखेरि अब चुनौती त धेरै आए । अब अहिले मलाई नै पर्यो, त्यस्तो पर्दाखेरि कतिले खुच्चिङ भनिराखेको छ नि । अरुको लागि यस्तो गर्थ्यो अहिले आफै यस्तो भयो भन्ने खालको पनि गरिराको छन् तर भन्नेले भन्दै गर्छन् मेरो आफ्नो काम छोड्दिन मैले जे गरिँराको छु । कतिले त अब जेल किन हालेको बुढोलाई भने, अब मैले नहाले कल्ले गर्छ, मैले नगरे कल्ले गर्छ । आज नगरे कहिले गर्ने भन्ने खालको त्यस्तो सोचले प्रेरित भएर अब यही क्षेत्रमा काम गर्ने भएपछि त छोड्ने कुरै हुँदैन । अनि अब यस्तै छ, चलिराछ । अब ऊ श्रीमान आफ्नो दुनियाँमा छ, म आफ्नो दुनियाँमा छु, आफ्नो आफ्नै भैराछ चलिराछ ।

प्रश्नः तर अब त्यो सामाजिक सेक्टरमा लाग्नु भएर त हामी आज तपाईंसँग भेट्न पाछम, गफ गर्न पाछम (हा हा) । अनि पानी खानुहुन्छ कि, बोलेको बोलै हुनुहुन्छ, मुख सुख्खा भइसक्यो होला ?

उत्तरः नानिले ल्याउँछिन्, छोरीले ।

प्रश्नः ए, दिदी हजुर कति वर्षको हुनुभयो अहिले ?

उत्तरः म ४२ वर्ष पुगेर ४३ मा हिड्दै छु ।

प्रश्नः हजुर ।

उत्तरः मेरो नागरिकतामा चाहिँ ३३ साल छ, म ३४ सालको मान्छे हु ।

प्रश्नः ए, के रे अब यो उमेरमा तपाईं ३४ सालको भनेपछि अब २०४६ सालको आन्दोलनका खासै बच्चै हुनुहुन्थ्यो होला ?

उत्तरः होइन ४६ सालको आन्दोलनमा चै म ५ कक्षा ६ कक्षामा पढ्थें । सानै थिए त्यतिखेर चाहिँ त्यस्तो मलाई त्यति चाहिँ थाहा छैन ।

प्रश्नः यो द्वन्दकाल अनि ६२-६३ को आन्दोलनले चाहि कस्तो प्रभाव पार्यो नि, त्यसको तपाईंलाई कतिको अनुभव छ, कतिचाहिँ महसुस गर्नु भाको छ ? अर्को चाहिँ धनकुटा भनेको चाहिँ तोकेरै भन्नुपर्दा सूर्यबहादुर थापाको यो चाहिँ एउटा पकड एरिया पनि हो, राजनीतिक रुपमा एक्टिभिस्ट हुने भनेको चाहिँ धनकुटा भनेको किल्ला नै थियो पूर्वीपहाडमा । अनि यो राजनीतिक घटनाक्रमहरुलाई पनि तपाईंको यसो अनुभवबाट कसरी महसुस गर्नुभाछ, त्यो कुरा पनि सेयर गर्दिनुस् न ?

उत्तरः अब त्यो चाहिँ राजनीतिक कुरा ६२-६३ सालको आन्दोलन देखियो भोगियो । अब यो दश वर्षे जनआन्दोलन पनि भोगियो । हाम्रो धनकुटा एरियामै चाहिँ त्यतिधेरै माओवादी, अब त्यतिखेर तत्कालीन विद्रोही पक्ष भनेको माओवादी थियो । माओवादीहरुले त्यतिधेरै प्रभाव चाहिँ परेन अरूहरुको तुलनामा जस्तो मलाई लाग्छ । नगरपालिका त खासै त्यति भएन पनि, सामान्य प्रभाव चाहिँ पर्यो । अब गाउँतिर चाहिँ धेरै पर्यो रे भन्ने सुन्नमा आको मात्रै हो । महत्व पछाडि सामाजिक क्षेत्रमा लागे, राजनीतिक क्षेत्रमा त्यति समय पनि दिइन् । ६२-६३ सालको जनआन्दोलनमा त अब सबैजाना सहभागी भए । अब हामी पनि भयौ । अब त्यस्तै हो त्यति खासै उ छैन हो मलाई त्यति ।

प्रश्नः ए, अनि यो राजनीतिक घटनाक्रमहरुले चाहिँ  तपाईंको सोसल मुभमेन्ट अनि महिलाको अधिकारको क्षेत्रमा गर्नुपर्ने कामहरुमा चाहिँ कतिको असर पर्यो नि ?

उत्तरः होइन महिलाको क्षेत्रमा त अहिले म अलि पछाडि नै भए । जस्तै अब यो सामाजिक मुभमेन्टलाई जुन यो दशवर्षे जनयुद्धको ताकामा चाहिँ प्रभाव पर्यो किनभने अब सामाजिक संघ संस्थाहरुलाई पनि बयान गर्यो । गाउँतिर जाने अवस्था थिएन । धेरै कार्यक्रमहरु लिएर म आफैपनि यो सामुदायिक स्वास्थ्यमा काम गर्दाखेरि, हिँड्दाखेरी हामीपनि ओरियन्टेसनका क्लासहरु, प्रोगामहरु लिएर गाउँ गाउँ, समुदाय समुदाय लेभल सम्म जान्थ्यौ त्यतिखेर । त्यतिखेर जाँदाखेरि चाहिँ हामीलाई रोक लगाए । प्रोगाम लिएर गाको थियौ, एक ठाउँमा त हामीलाई तीन घण्टासम्म राखिदिए त्यतिखेरको तत्कालीन माओवादी पक्षले । ३ घण्टासम्म राखेर चाहिँ अब पढाए बेस्सरी ।  पढाएर अनि पछाडी छोडिदिए । उहाँहरुका आफ्नै हुँदोरहेछ, त्यो कुराहरु हुँदो रहेछ अनि त्यसपछि हामीलाई अब बाकी रहेको कार्यक्रमहरु नगर्नुहोला, यो चाहिँ राज्यले पठाएको चाहिँ तपाईंहरूको माध्यमबाट सुराक गर्न पठाको हो, तपाईहरु हामीलाई, हाम्रो आन्दोलनलाई, हाम्रो अभियानलाई प्रभाव पार्न आउनुभाको हो,  त्यसो हुनाले हामी अहिले तत्काल केही गर्दैनौ, तपाईहरु फर्केर जानुस्, हामी त्यति भन्छौ भनेर हामीलाई फर्काइदिएको थियो । अरु बाकी कार्यक्रम सब क्यान्सिल गर्यौ हामीले । त्यस्तो खालको चाहिँ धेरै कार्यक्रमहरुलाई असर चाहिँ पार्यो । सामाजिक सघंसंस्थाहरुलाई पनि गर्न दिएन त्यतिखेर । त्यसका पछाडिको समयमा चाहिँ राजनीतिक क्षेत्रले त्यस्तो असर पारेको त छैन तर के त भन्दाखेरी पहिला बीचमा एउटा कस्तो के

LCOM

तालमेल नमिलेको हो कि अहिले झन सजिलो हुनुपर्ने । राजनीतिक हिसाबले पनि अहिलेको यो पुर्न संरचना, राज्यको नीति, व्यवस्थाहरुले जे तोकेको छ त्यसले त त्यो अनुसार हुने हो भने अझै सजिलो र सहज हुनुपर्ने स्थितिमा अहिलेचाहिँ ठ्याक्कै उल्टो भइदिएको छ । अब पहिला चाही कर्मचारीहरुले चलायो एक समय, जनप्रतिनिधि भएपछि थोरै वर्ष चलायो नि त कर्मचारीहरुले ।

प्रश्नः हो ।

उत्तरः राजनीतिक संयन्त्र भन्थे एउटा अनि अर्को भनेको कर्मचारी उसले चलाउँथ्यो । अनित बरु तेतिखेर चाहिँ हामी सामाजिक क्षेत्रमा काम गर्नेहरुलाई सहज थियो । बालबालिकाको भन्थ्यो, महिलाको भन्थ्यो, महिलाको लागि भनेर महिला विकासको कार्यक्रम त्यहीअनुसार हुने गर्थ्यो । अनि बालबालिकाहरूको कार्यक्रम त्यहीअनुसार हुन्थ्यो । राज्यको पनि त्यही कार्यक्रम हुन्थ्यो, त्यही अनुसार गरिराखेको थियो तर अहिलेचाहिँ भइराछ भन्दाखेरि स्थानीय सरकार पनि आयो । भइसके पछाडि के भयो भन्दाखेरी जति पहिला भाथ्यो त्यो पनि नभाको चाहिँ म अहिले देख्छु के मेरो आफ्नो विचारमा चाहिँ । ज्योति पहिला भाको थियो त्यो पनि नभाको अवस्था किनभने त्यहाँभित्र चाहिँ अब जुन पार्टीको सरकारले नेतृत्व गर्यो, स्थानीय सरकारकै कुरा गरौ, प्रदेश सरकारकै कुरा गरौ, केन्द्रीय सरकारकै कुरा गरौ, अब त्यस्तै छ । अब हाम्रो स्थानीय सरकारमा पनि त्यही नै चाहिँ देखिराखेको छ । आफ्नो कार्यकर्ता अनि त्यही नै हो कि के हो बुझ्न सकिँदैन, अहिले जति हुनुपर्ने त्यो भाको छैन । न महिलाको लागि भाको छ, न बालबालिकाको लागि भाको छ, न जेष्ठ नागरिकको लागि भाको छ, न अपाङ्गको लागि भाको छ, म चाहिँ देख्दिन त्यो । त्यो चाहिँ अब अहिलेचाहिँ प्रभाव परेको छ के । अब झन सहज हुनुपर्ने, झन् राम्रो हुनुपर्ने, नीति व्यवस्थाले जे तोकेको छ त्यो अनुसार गर्ने हो भने त त्यो झन् नहुनुपर्ने तर अझै कार्यान्वयनको पहलमा चाहिँ छैन । अनि झन् जटिल समस्या चाहिँ अहिले सामाजिक संघसंस्थामा काम गर्ने, सामाजिक क्षेत्रमा काम गर्नेमा भाको छ । अहिले जति पनि समुदायमा परिवर्तन, जनचेतना अभिवृद्धिको जति महिला बालबालिका, पिछडि परिएका सामुदाय, दलित, जनजातिमा जतिपनि सशक्तिकरणका कुराहरु भाको छ नि, त्यो त सामाजिक संघसंस्थाहरुले गरेको योगदानको कारणले हो के । उनीहरुले गरेको, उनीहरुले खटेको चाहे विदेशी डोनरको सहायताले होस्, चाहे आफ्नै उसले होस्, जे गरेनी सरकारलाई सहयोग त पुर्याएको छ नि त, जनतालाई उकास्ने काम त गरेको छ नि । जनचेतना अभिवृद्धि गर्ने बाटोमा त धेरै ठूलो भूमिका त सामाजिक संघसंस्थाले, गैर सरकारी संघसंस्थाहरुले चाहिँ भूमिका निर्वाह गरेको छ । यसमा त दुईमत नै छैन तर यसको मूल्यांकन अब राजनीतिक दलले, अहिले सरकारमा हुने राज्यसत्ता सञ्चालन गर्ने व्यक्तित्वहरुले यसलाई कसरी लिएका छन्, मलाई चाहिँ एकदमै गरेको छ भनेर मान्छ जस्तो चाहिँ मलाई लागेको छैन अहिले जे भैराखेको छ त्यो देखेर । त्यो भाको कारणले यिनीहरु भनेको चाहिँ सामाजिक संघसंस्था हुन् , यिनीहरूको चाहिँ डोनर आउछ तर त्यसरी हो भने डोनरको कुरा गर्ने हो भने चाहिँ हाम्रो संस्थाले अहिलेसम्म कुनै आइएनजिओहरुले गरेको छैन हामीलाई बरु हामीलाई उल्ले थोरै भए पनि टेवा अनुदान सहयोग चाहिँ हामीले दुई तीनपटक, यसपटक पनि हामीलाई सपोर्ट गर्यो, त्यसले गरेर मात्रै हामीलाई केही राहत भाको छ । अनि अब स्थानीय सरकारहरूले नगरेकै त होइन तर पहिला गर्थ्यो तर अहिले अलिकति गाह्रो भएको अवस्था छ । पहिला चाहिँ अब नगरपालिका, गाउँपालिकाहरुले पनि सामाजिक संघसंस्था हो, उहाँहरुले यसरी गर्नुभाको छ, यसरी काम गर्नुहुन्छ, उहाँहरूलाई ल्यायो भने कुनै कार्यक्रममा पनि उहाँसँग सहकार्य गर्न सक्यौ भने यहाँको महिलाहरूको चाहिँ चेतना अभिवृद्धि हुन्छ भन्ने किसिमले चाहिँ हामीसँग सहकार्य गर्नुहुन्थ्यो । अहिले त्यो पनि यो स्थानीय सरकार आईकन चाहिँ त्यो पनि ठप्प भएको छ । अनि त्या देखि अब उहाँहरुले हिंसा पीडित महिलाहरुलाई, उहाँको संस्थाले चाहिँ सञ्जालले चाहिँ हिंसा पीडित महिलाहरुलाई बालबालिकाहरुलाई संरक्षण दिने न्यायको पहल गर्ने राम्रो काम गर्नुभाछ, उहाँहरुलाई हामीले सपोर्ट गर्नुपर्छ भनेर सकारात्मक सल्लाह सुझाव र सहयोगहरु पनि हुन्थ्यो अब अहिले त्यो पनि देखिँदैन । भैराको सहयोग पनि, गरिरहेको सहयोग पनि कटौती गर्दै आएको अवस्था छ । अब धनकुटा नगरपालिकाले सधै सामान्य त जहिले पनि स्थापना भएदेखिको नगरपालिका र जिविसले, अब जिविस अहिले त छैन । जिल्ला समन्वय समिति अब त्यो त कार्यक्रमहरु पनि गर्दैन । पहिला चाहिँ जिल्ला समन्वय समितिले पनि थोरै बहुत गर्थ्यो । अनि यता नगरपालिकाले त सुरुदेखि गरील्याएको छ । सधैं यो चाहिँ पुर्नस्थापनाको लागि भनेर पैसा बजेट छुट्ट्याउने गर्थ्यो अलि थोरै थोरै भएपनि तर अब यो पटक चाहिँ त्यो पनि गरेको छैन । अब नदिने, नगर्ने, सपोर्टै नगर्ने भन्ने त छैन । अब मेहर साहाबले सकारात्मक कुरा त गर्नुभाको छ । अब हामीले यो संस्थाले अब राम्रो गरेको छ, तपाईंले राम्रो गर्नुभाको

छ, राज्यले गर्ने काम गर्नु भाको छ, हामी गर्छौ भन्ने कुराचाहिँ गर्नुभाको छ। अब बोल्न चाहिँ बोल्नु भाको छ तर हेरौं के हुन्छ यो साल। नभए अगाडि चाहिँ अलि भएपनि बजेट छुट्याइन्थ्यो त्योपनि चाहिँ तोकेर नछुट्याएको अवस्था छ। त्यस्तो खालको भाको हुनाले राजनीतिक क्षेत्रको कुरा चाहिँ खै म केहि बुझ्न सक्दिन के, केही भन्नै सकिराको छैन के, यो के हो के हो। अब हुदा ठिक कि नहुँदा ठिक कि, अलिअलि प्रभाव चाहिँ पार्दोरहेछ भन्नुपर्यो। अब यो अहिले राज्य पुर्नसंरचना पछाडि चाहिँ स्थानीय सरकार जस्को अनि त्यो संस्था खोलौ, कसले नेतृत्व गरेको, त्यसरी हेरिदो रहेछ। त्यसरी त हेर्न हुँन्न नि त तर राजनीतिले नै त हेर्या होला नि त त्यो। अब त्यो हुँदाखेरि चाही अलिकती गार्हो भाको अवस्था छ। अब त्यही हो सामाजिक क्षेत्रमा अब आन्दोलन ताका अलिकति प्रभाव पारेको हो। यसरी चाहिँ अब सरकार जस्को छ, त्यही सरकारको व्यक्तित्व व्यक्तिहरुले नेतृत्व गरेको संस्था छ भने त्यसलाई धेरै राम्रो छ। अब त्यसले नेतृत्व गरेको छैन, आफ्नो पक्षको पार्टीको सरकार छैन भनेदेखि त्यो त्यस्तरी जाँदो रहेछ। अब हाम्रो संस्था त त्यस्तो होइन, हामी सबै खाले व्यक्तित्व छौ। तर नेतृत्व कसको छ, को मान्छे त्यसमा चाहिँ बढी सक्रिय देखिन्छ, त्यो हेरिदो रहेछ। प्रष्टै कुरा म त्यसरी नै भन्छन् भन्दाखेरि पनि पूरै राजनीतिक दलका मान्छेहरु, अलिकति वरिष्ठ मान्छेहरुसँग भन्यो भने, माननीयज्यूहरु सँग कुरा गर्दा पनि कताकता त्यसतै कुरा गरिहाल्ने। अब पार्टीका कुरा त्यस्तो कुराहरुले उनीहरुले कुन पार्टीको, कोको छ त्यहाँ, कसले चलाको, कसले नेतृत्व गरिरहेको छ, भन्ने कुरा सोध्दा रहेछन्। त्यो कुरा आइहाल्छ, त्यो कुरा आउँदाखेरी चाहिँ अब यस्तो यस्तो कुरा भन्ने आएपछि अलिकति प्रभाव चाहिँ त्यसरी परेको मात्रै हो। आन्दोलनले त सामान्यतया कहिले-कहिले यो परिवेश अनुसार त्यो परिस्थिति अनुसार सामान्य तलमाथि त भईहाल्छ।

प्रश्नः यो तपाईले पछिल्लो टाइम कुरा गर्नुभए अनुसार चाहिँ स्थानीय तहहरुमा चाहिँ महिलाहरुको बजेटहरुमा मान्छे हेर्ने, अनुहार हेर्ने, टाउको गन्ने, त्यस्तो खालको चाहिँ परिपाटी छ भन्नुभाछ ?

उत्तरः यो परिपाटी त छ, देखियो त्यो चाहिँ। त्यो चाहिँ एकदमै हुँदोरहेछ। अब त्यो सामाजिक परिवेशमा त्यो नहेर्नु पर्ने हो। अब नेतृत्व जनताले चुनेर गैसकेपछि त्यो सबैको साझा भयो नि त त्यो व्यक्तित्व, व्यक्तिहरू। त्यसरी नहेर्दिए देखि धेरै राम्रो हुन्थ्यो। यसरी नहेर्दिए जनप्रतिनिधिहरुले, अब सरकार चलाउने सरकारमा पुगेका व्यक्तिहरुले त्यसरी नहेरीकन म सबै जनताको चाहिँ जनप्रतिनिधि हु, मैले सबैको लागि गर्नुपर्छ, सबैलाई समान दृष्टिकोणले हेर्नुपर्छ, भनेर सोच गर्दियो भने धेरै राम्रो हुन्छ। अब तेही सोच राखेर गर्ने चाहि अब सबै त त्यो होइन, केही व्यक्तिहरूमा अझै प्रमुखहरुमा त्यो भइदियो भने अझै गाह्रो हुन्छ।

प्रश्नः अर्को चाहीं अब आठपहरिया राईहरूको चाहिँ छुट्टै खालको संस्कृति छ नि त, भाषा पनि राईहरूमा फरकै छ, आठपहरिया राईहरूको पनि फरकै छ। यो भाषा पहिरन, भेषभूषा, संस्कृतिको बारेमा पनि भन्दिनुस् न आठपहरिया राईको कस्तो हुन्छ नि ?

उत्तरः आठपहरिया राईहरूको भाषा पनि छुट्टै छ, आफ्नै मातृभाषा छ। अब पहिरन पनि म्याथ्ली र सितको सारी लगाउँछौ, अनि म्याथ्ली भन्छ अब देख्नु भाको छ कि छैन, देख्नुभा होला आठपहरिया पहिरन ?

प्रश्नः अलि मलाई झझलको चाहिँ छ तर ठ्याक्कै क्लीयर चाहिँ छैन म आठपहरिया राईको ड्रेसमा, फरक चाहिँ छ तर।

उत्तरः त्यो सेतो कपडाको हुन्छ अनि एक्सट्रा छ, अरुको जस्तो भन्दा पनि एकदमै फरकै छ। अनि म्याथ्ली भन्छ त्यसलाई चाहिँ। अनि त्यो हारिमाला भन्छ त्यो पैसाको मालालाई।

प्रश्नः हारि ?

उत्तरः चाँदीको, अब विशेष गरेर चाँदीको माला लगाउँछ हाम्रो गहना चाहिँ। अब खुट्टामा कल्ली चाँदीकै हुन्छ, आफ्नै भेषभूषाको कुरा गर्दाखेरि। अनि त्यहाँदेखि चाँदीकै चुरा लगाउँछन्, यस्तै यस्तो मोटो चुरा लगाउँछन्। अनि त्यहाँदेखि त्यो कर्णफुल भन्छ , कर्णफुल चाँदीकै हुन्छ। त्यस्तो लगाउँछ अनि त्यही हो। अनि अब पोते अनि त्यो मुगाको माला त्योचाहिँ विशेष हुन् हाम्रो पहिरन चाहिँ। अनि त्यहाँदेखि बर्कि आफ्नै बुनेको खाडीको हुन्छ। रयाख्ले पनि आफ्नै खाडीकै लाउँछन् भन्छन्, शीतको साडी पनि खाडी कै लगाउँछन्, ओरिजिनल चाहिँ। अनि त्यसमा छिपेको हुन्छ, छिप्न

लगाउँछन् । अनि त्यही लगाउँछन् अब आफैले बुनेको हुन्छ । अब ओरिजिनल त त्यो हो अब अहिले त त्यो पाउँदैन तर किनेरै भएपनि किनेर सिलाएर लगाउँछन् । त्यस्तो खालको छ अनि बुनेको झोला बोक्छन्, बुनेको पछ्यौरा बोक्छन् । त्यो पनि छुट्टै खालको देखिन्छ, यस्तो खालको हुन्छ ।

प्रश्नः म चाहिँ खासमा बान्तवा राई हो अनि राईहरूको त साकेन्वा साकेला डान्स हुन्छ नि त ?

उत्तरः हो हो ।

प्रश्नः उभौली उधौली ।

उत्तरः हाम्रो चाहिँ ढोल नाच हुन्छ ।

प्रश्नः अ ।

उत्तरः अब पहिला पहिला चाहिँ अब पश्चिममा रोधिघर भनेजस्तै हाम्रो चाहिँ डेराघर हुन्थ्यो । अब प्रत्येक सोमबार, प्रत्येक बिहीबार, त्यस्तो ठाउँ ठाउँमा चाहिँ बिहीबार कुन ठाउँ, सोमबार कुन ठाउँ, त्यसरी चाहि ठाउँ ठाउँमा चाहिँ त्यो डेराघर भन्थ्यो त्यहाँ चाहिँ नाच हुन्थ्यो । अब अहिले चाहिँ त्यो हराइसकेको छ । त्यो चाहिँ हरायो, मैले थाहा पाउँदादेखि पनि त्यो डेराघर चाहिँ थियो । त्यहाँ चाहिँ कस्तो भने अलिकति युवा-युवतीहरू, आठपहरिया युवायुवतीहरू त्यो ठाउँमा जाने बेलुका, राति हुन्थ्यो प्राय । जाने अनि त्यहाँ गएर चाहिँ युवा युवतीहरु धान नाच्ने अनि जिस्किने, रमाइलो गर्ने भनी एकअर्कालाई ती भेटघाट हुने । मनपरापर गर्ने अनि त्यहीबाट बिहे गरेर जाने, त्यो खालको चाहिँ चलन थियो पहिला । अनि त्यहाँ देखिएको त्यहाँ भेट हुने अनि यो ठाउँमा भेटम है भनेर भन्ने, एक खालको चाहिँ मनपरेको केटाकेटी भेट हुने ठाउँ अथवा युवायुवतीहरू भेट हुने । अनि त्यहाँदेखि यहाँनिर वार्तालाभ हुने अनि मनपरापर गर्ने, नाच्ने, चिनजान हुने, त्यो खालको चाहिँ त्यो एउटा परम्परा थियो, त्यो हरायो अहिले । त्यो चाहिँ छैन अहिले । भनी अब संस्कृतिकै कुरा गर्दाखेरी यो ढोलनाच भन्छ हाम्रो चाहिँ । तीनवटा चाड हुन्छ, एउटा विषु भन्छ, नयाँ वर्ष सुरु भएपछि नयाँ ताउला आएको बेलामा पहिलो वर्षको चाहिँ पूजा हुन्छ । त्यति एउटा चाड हुन्छ । त्यो पाँच दिनको हुन्छ । अनि त्यहाँ देखिएको पछि दोस्रो चाड भनेको चाहिँ न्वागी चाड भन्छ । न्वागी भनेको चाहिँ अब त्यो नयाँ अन्नबालीहरु पाकिसकेपछि त्यो चाहिँ चढाउने भन्छ । पितृलाई पनि चढाउने भन्छ, पितृ पूजा गर्छौं हामी । वैशाखमा पनि गर्छौं अनि भदौमा गर्छौं । न्वागी चाडलाई भदौरे चाड पनि हुन्छ । प्राय भदौमा गर्छौं अनि त्यतिखेर पनि हामी त्यही गर्छौं । त्यो वैशाखमा चाहिँ हामी के गर्छौं भने पाँच दिनको हुन्छ अनि मार्का पूजा गर्छौं । अनि त्यो दिन हामी सबै जे जस्तो छ जुटाएर, मासुभात के छ त्यो परिवार मिलेर बसेर खाने चलन छ । फेरी हाम्रो जहिले बिहिबार शुक्रबार हुन्छ बैशाख र भदौको चाहिँ । अनि त्यसका पछाडि हामी पितृ पुजा गर्छौं शुक्रबार । शनिबारको दिन बनभोज जान्छौ । अनि आइतबारको दिन तारा हान्ने प्रतियोगिता हुन्छ, तारा हान्छौ । तारा हानेको भनेको यस्तो धनुवाण प्रतियोगिता हुन्छ अनि गरे गरिन्छ । अनि त्यहाँ देखिको सोमबारको दिन चाहिँ विधौनी भन्छ, यो चाहि विधिगत मार्ग खाममा बिदाई गर्दिन्छ पुजा गरेर । बिदा गरेर सक्छ अनि भदौमा पनि त्यसरी नै हुन्छ । भदौमा पनि त्यही ४-५ दिन हुन्छ, त्यस्तै हुन्छ । न्वागी चाड भन्छ, नयाँ फलफुल अनि त्यतिखेर चाहिँ हामीले नयाँ चामलको भात त्यसमा पनि अरू चामल हुँदैन, भैया चामलको चाहिँ भात पकाउछौ । अनि सुंगुरको मासुको हामी त्यो उ पकाउछौ । अब त्यसमा नुनहरु, तेलहरू लगाउँदैन । अनि त्यस्तो चाहिँ हामीले सबै हातहतियार देखि लिएर सबैलाई त्यो चढाउँछौ । खुवाउँछौ भनम न नयाँ न्वागी । अनि त्यस पछाडि आएर मंसिरमा वडाङम्याट भन्छ । त्यतिखेर चाही तपाईंहरूको यता चण्डीमा नाचे जस्तै हाम्रो चाहिँ ढोल नाच छ । अनि एउटा ठाउँमा भेला भएर ढोल नाच्ने, रमाइलो गर्ने त्यो एकदिन हुन्छ, एकदिन दुईदिन । अनि त्यहाँ देखिको त्यो छोरा जस्को हुन्छ त्यहाँ पनि हाम्रो विभेद छ फेरी संस्कारमै पनि । जसको चाहीँ पहिलो छोरा हुन्छ उसको चाहिँ हर्कबढाई गर्छ । हर्कबढाई त्यो मंसिरमा गरिन्छ । त्यतिखेर अब पुजारीहरू बोलाइन्छ, मारुनी नचाहिन्छ, मारुनी नाच नाच्छ हाम्रो । मारुनी ल्याएर, नचाएर, पुजारीहरु बोलाएर अनि त्यो छोरालाई आशिक दिने त्यस्तो खालको चाहिँ हाम्रो परम्परा छ । अब छोरीलाई चाहिँ गर्दैन फेरि । आशिक भन्ने कुरा त छोरालाई छोरीलाई समान हुनुपर्ने तर त्यो छैन । त्यो चाहिँ हाम्रो पनि विभेद छ, संस्कारमै पनि विभेद छ । यसरी नै त्यो वडाङम्याट भन्छ, त्योचाहिँ सबैभन्दा ठुलो भन्छ, १५ दिनसम्म जान्छ । यता त्यो पाल्पालीहरुले चाहिँ, पाल्पालीहरुले पनि नाच्छन नि त्यतिखेर , हाम्रो चाहि ढोल नाच्छ । संस्कार त्यस्तो

खालको छ । छोराको ६ महिनामा पास्नि गर्छौ छोरीको ५ महिनामा पास्नि हुन्छ, भात खुवाई हुन्छ । न्वारानको कुरा गर्दाखेरि ३ दिनमा छोरीको न्वाराना हुन्छ, ४ दिनमा छोराको न्वारान गरिन्छ । न्वारान गर्दाखेरि अब सामान्य त्यही सुत्केरी चोख्याउने भन्छ, भाले काटेर त्यो गर्ने गरिन्छ । त्यो पनि त्यसै गर्ने गरिन्छ । ३ वर्ष पुगेपछि छ्योर गर्ने भन्छ त्यतिखेर कपाल काटि्दने गर्छ छोराको । छोरीको त केही पनि हुँदैन । त्यति नै हो, यस्तै छ हाम्रो संस्कार ।

प्रश्नः यो एउटा चाहिँ के बुझाइ छ भने राईहरूको कल्चरमा चाहिँ महिला पुरुषलाई बराबरै ठानिन्छ, भनेको घरको श्रीमान श्रीमती पनि बराबरै हैसियत राख्छन्, छोराछोरीलाई पनि त्यहीअनुसार हैसियत दिइन्छ । त्यही भएर राईहरुले चाहिँ यो डिभिजनको कुरा गर्नु भनेको चाहिँ यो अनावश्यक कुरा हो भन्ने कुरा गर्छन् र तपाईंले चाहिँ जुन भन्नुभयो नि, संस्कारमा आशीर्वाद दिने कुरामा पनि छोरा र छोरीमा विभेद छ भन्नुभाछ । अनि फेरि यसलाई चाहिँ कस्तो छ भने यो त हाम्रो संस्कार हो नि भन्ने टाइपको पनि उत्तर दिन्छन् । अब यसलाई कसरी लिनुभाको छ तपाईंले चाहिँ ?

उत्तरः संस्कारले पनि त्यो त विभेदै हो नि त । जस्तो अब हर्कबढाई भनेको सबै छोरालाई गर्दैन फेरी, जेठो छोरालाई । त्यो जेठो छोरा भनेको भोली फेरी पितृ समाल्ने छोरा हो । त्यो भएर पनि उसलाई चाहिँ आशिक चाहिन्छ भनेर भनेको होला सायद । अनि त्यस्तो त जेठी छोरीलाई पनि गर्दा हुन्थ्यो नि त, किन गर्दैन । त्यो विभेदै हो नि त यसो सम्झिदा खेरी । अनि के भने यहाँ निर मेरो भाइको चाहिँ जुम्लिया छोराछोरी जन्मियो । जुम्लिया छन मेरो भदाभदैनी, ९-१० वर्षका भए अहिले । अनि पहिलो छोराछोरी, अब हर्कबढाई गर्दाखेरि त छोराको मात्रै हुन्छ, छोराको मात्रै हुनेभो । भनी हामीले चाहिँ के गर्या थियौ भन्दाखेरी होइन छोराको मात्रै हुँदैन, छोरीलाई पनि चाहिन्छ भनेर, दुइटै छोराछोरीलाई राखेर त्यो जुम्लियाको चाहिँ हामीले दुइटैको हर्कबढाई, लुगा पनि राख्देर, टोपी पनि राख्देर, आशिक त्यसरी थाप्देर दुइटैको चाहिँ दुइटै खसी काटेर, दुइटाको सबै दुइटै गर्यौं छोराको पनि छोरीको पनि । तिनीहरू चाहिँ जुम्लिया भएको कारणले गर्दाखेरि । त्यसरी गर्दियौ के हामीले चाहिँ । अब चलनले गर्ने हो भने त छोराको मात्र गर्नुपर्ने । अब त्यहाँनिर गर्दा त छोरीको पनि गर्दा भयो नि त, किन नगर्ने । छोरा जन्मिँदा हर्कबढाई गर्नुपर्ने, छोरी जन्मिदा चाहिँ हर्क नहुनुपर्ने । यो त संस्कारमै अलिकति विभेद हो नि त भन्ने मलाई लागेको है । अनि पछाडी अब त्यो नानीको के गर्ने भन्दै थियो, केको नानीको पनि गर्ने हो नि सँगै जोडेर गर्ने भनेर अनि दुइटैको चाहिँ दुइटा दुइटै गर्यौं है हामीले । दुइटैको उसमा दुइटैको कुराहरु राख्दिएर, विधिगत छोराको जेजे राख्यौ, छोरीको पनि त्यै त्यै कुराहरु राखेर त्यसरी नै गरिदियौ हामीले चाहिँ । त्यसरी नि भाको छ । अनि अर्को कुराचाहिँ भनेको अब विभेद त भयो नि त । जुन पितृ गर्ने कुरा छ, यो संस्कारमा अब राईको मात्रै नभएर अरु जातको पनि छ । राईको पनि छ भनौ न, यसमा चाहि यसमा पनि त विभेद छ नि त । अब पितृ समाल्ने कुरामै छोराले भन्दा अर्को छोरीले गर्नुहुँदैन भनेर भन्या छ । अनि त्यो भनेको छ नि त पितृ पुजा गर्नलाई त छोरो नै चाहिने, त्यो पनि जेठो छोरो चाहिने । अब त्यो जेठो छोराले भयो भने भयो, जेठो छोरा कै सन्तानले गरेर ल्याउने हो जसरी भएपनि । छैन भने उसको चाहिँ सन्तान सकिँदै छ भने के हुन्छ त भन्दाखेरि अर्को दाजुभाइलाई खोज्नुपर्ने पितृ सम्हाल्नलाई । अब त्यही छोरीले गर्दा के हुन्थ्यो होला । अब त्यो हुन्छ नि, त्यो खालको चाहिँ त्यसरी कुरा गर्ने हो भनेचाहिँ त्यसमा चाहिँ अनि कति विभेद छ भन्ने पुष्टि हुन्छ । नत्र भए अरु व्यवहारिक कुराहरुमा अरु जातको तुलनामा भेदभाव छैन । जस्तो हामी त प्रकृति पुज्ने समुदाय हौ, त्यो हुँदाखेरी हामीले यो रजस्वला महिनावारी हुँदाखेरीको कुराहरु मान्दैनौ हामी । विभेदका कुराहरु मान्दैनौ । यो हामी बार्ने गर्ने त्यस्तो चाहि केही पनि गर्दैनौ हामी आठपरिया राईहरु । सबै हामी त्यो कसैलाई थाहा पनि हुँदैन त्यो महिनावारी भाको । चाहे पूजा होस्, चाहे अरुबेला होस् त्यस्तो थाहा हुदैन । अनि त्यस्तो खालको छ । अनि घरमा चाहिँ  उ गर्ने बेलामा, छोरा र छोरीमा विभेद गर्ने कुराहरुमा त्यती अरुको तुलनामा चाहिँ हुँदैन तर अब त्यही हो नि, सामान्य अलिअलि कतैकतै चाहिँ हुन्छ । अब जस्तो बाहिर जाने कुरामा, छोराछोरी खेल्न दिने कुरामा, जति छोराहरुलाई खेल्न दिने घुम्न दिने, जसरी दिन्छ त्यो स्वतन्त्रता त हामी छोरीहरूलाई हाम्रै समुदायले पनि दिँदैन नि, मैले देखेको चाहिँ । यहाँ त छोरी मान्छे, तलै यस्तो पो गर्नुपर्छ त, अब भोली गरेर खानुपर्ने यसरी सिक्नुपर्छ काम भनेर त्यसरी लगाइन्छ । अब छोरालाई चाहिँ त्यो हुँदैन नि त । त्यो गरेको देख्दिन म चाहिँ । जस्तो मैले राई मात्रै होइन लिम्बू पनि हाम्रो जनजाति नै हो, अब मैले देखेको मैले देखेको गाउँ जाँदाखेरि, फिल्ड जाँदाखेरि, यस्तै कार्यक्रमहरुमा जाँदाखेरी । म  तेलिया भन्ने गाउँमा गाको, यहाँको चाहिँ छोराहरु स्कुल गाको, स्कुल ड्रेसमा छन्, केरेमबोर्ड खेल्या खेल्यै किताब त्यो टासिमा राखेर, केरेमबोर्ड त्यत्रो रातभरि खेलेका छन्, रातको १२ बजेसम्म खेलेर किताब ति छोडेर सुत्न गए घर । हेर्नु है, त्यति काम चाहिँ छोरीले गरेको थियो भने सकिएन

अनि । छोरीलाई त्यहाँ घरमा जान दिन्छन् ? नभए त खोज्दै आइपुगी हाल्छन् । अब त्यसरी गयो भने पनि बाउआमाले राख्दैन के, त्यति सजिलो छैन । अब उसलाई त्यही अरुले देख्ने त्यो समाजले पनि यो कस्ती खालकी आईमाई रहेछ भन्छ तर छोरालाई फरक परेन नि । अनि अब जनजातिकै भनेर पनि त्यो केही न केही चाहि भेदभाव छ । अरूको तुलनामा हामी धेरै फ्रि छौ, हामीलाई सपोर्ट गर्छ । जस्तै अब त्यो जिम्मेवारीको कुराहरुमा पनि, घरमुलीकै कुरामा पनि, व्यवहारिक कुराहरुमा पनि, श्रीमान श्रीमतीमा, बराबरै छ । अझै हाम्रो नै कुरा गर्ने हो भने त श्रीमानले भन्दा बढी श्रीमतीले व्यवहार गरेको छ । मेरै आमाको कुरा गर्ने हो भने, मेरो माइतीको कुरा गर्ने हो भने, मेरो बुवा आमाको कुरा गर्ने हो भने, सवै व्यवहारिक इतिश्री आमाले गर्नुहुन्छ, हिसाबकिताब बाउँसँग केही पनि रहँदैन । जति हुन्छ बाउँले आमालाई नै दिने हो, आमाले सबै चलाउने गर्ने हो । अब मेरो पनि घरमा भन्ने हो भने सबै म आफै गर्छु । मैले आफै गर्छु श्रीमानले सबै गरिदिनुहुन्न । अब अहिले त उलाई त्यो नै नपुग्दा हो कि अब आफ्नै व्यवहार गर्न खोज्नुभयो, जानुभयो । अनि अब त्यो मेरै पनि, सबैको प्राय त्यस्तो छ । यो जिम्मेवारी प्रमुख भूमिकाको कुरा गर्नु पर्दाखेरी अब त्यो अरूको तुलनामा चाहिँ हाम्रोमा खोजि निन्दा गर्ने, कहाँ गरिस्, के गरिस्, भन्ने त्यस्तो पनि हुँदैन जस्तो चाहिँ मलाई लाग्छ तर कताकता संस्कारमा अलिकति डिस्क्रिमिनेसन चाहिँ छ ।

प्रश्नः अलिकति यसैमा चाहिँ मलाई धनकुटाको पनि कुरा जोड्न मनलागेको, धनकुटाको परिचय चाहिँ अब धेरै छ नि त । अब पूर्वी पहाडको जिल्लाहरुमा अलि अगाडि विकसित पनि छ अनि यसो हेर्दाखेरि, म आफै आउँदाखेरि पनि एकदम सफा चिटिक्क देखिन्छ के धनकुटा । अब हाइवेकै बाटो सरर जाँदाखेरि पनि कस्तो चिटिक्क जस्तो लाग्ने । अनि त्यसपछि धनकुटाको मान्छेहरु सबै चोकचोकमा, टोलटोलमा सब्जीहरु बेच्न निस्केको हुन्छ अनि यहाँ चाहिँ कस्तो अर्ग्यानिक पनि पाउँछ तरकारीहरु । अनि धनकुटाको चाहिँ अर्थोपार्जननै तरकारीले धानेको देखिन्छ । अनि अलिकति धनकुटाको मान्छेहरु, भनेको धनकुटेलीहरुमा चाहिँ केही गर्नुपर्छ है भन्ने चाहिँ छ । यस्तो खालको चाहिँ कसरी आयो, धनकुटेलीहरुमा चाहिँ यस्तो सोचहरु आको होला अनि धनकुटाको परिचय चाहिँ यिनै हुन् कि के हो तपाइलाई कस्तो लाग्छ नि ?

उत्तरः अब धनकुटा पाहाडी जिल्लाको भाको हिसाबले पनि अनि जनसंख्या पनि अलि कम कम नै छ । अब यहाँ चाहिँ कस्तो भने, धनकुटाको पूर्वको सदरमुकाम पहिलेदेखि भाको कारणले गर्दापनि उहाँको मान्छेहरु अलिकति एडभान्स, अलिकति शिक्षित भाको हिसाबले पनि होला सायद । अब यहाँ सरसफाईको कुरा गर्नुपर्दाखेरी सरसफाई राम्रै छ भन्नुपर्छ । अरु जिल्लाहरु अब सबै ठाउँमा पुगेको त छैन, अब तराईको जिल्लाहरु अलिअलि भिडभाड भाको ठाउँ र अलिकति खुल्ला भाको ठाउमा अलिकति फरकै पर्छ र पनि धनकुटा सफै भन्नुपर्छ सरसफाइको मामला चाहिँ । त्यहाँका मान्छेहरु सचेत छन्, आफ्नै आगन सबैले सफा गर्छन् । आफ्नो अगाडिको त प्राय सबैले गर्छन् अनि अब त्योचाहिँ छ । कुनै कुनै ठाउँमा मात्रै हो नत्रभने देखि राम्रै छ सरसफाईको मामलामा । अब कृषिको कुरा गर्नु पर्दाखेरी यहाँको प्रमुख कृषि अर्गानिक भन्दापनि अब अर्गानिकै आजकाल चाहिँ पाइँदैन । सबैले व्यवसायिक थालिसकेका छन्, व्यवसायिक भएपछि अब अहिले टमाटर, बन्दागोभी, यि सबैमा अहिले त औषधी नलगाई फल्दा पनि फल्दैन । अब त्यो मल नलगाइकन फस्ताउँदा पनि फस्ताउँदैन । अब योभन्दा अगाडि अर्ग्यानिक अर्ग्यानिक नै पाइन्थ्यो । अब अहिले चाहिँ त्यो फलफूलमा पनि औषधि नछिटिकन फल्दै फल्दैन, अडिदै अडिदैन, कुहिएर जान्छ । अब त्यो वातावारण नै त्यो खालको भइसकेको अवस्था छ । अनि अब यहाँको त्यही हो पहिला अब सदरमुकाम पहिलेदेखि भाको हिसाबले, जनचेतनाको हिसाबले, विकसित ठाउँ पनि हो । अब जति हुनुपर्ने त्यति नभाको हो फेरि । जुन खालको अपरचुनिटि धनकुटाले पायो, अब जमाना देखिको सदरमुकाम हो नि तर जति सदरमुकाम भाको हिसाब छ त्यो अनुसारको विकास भाको चाहिँ होइन धनकुटा र पनि तुलनात्मकरुपमा छि भन्ने लायकको छैन, ठिकै छ । प्रेरणाको हिसाब त त्यही हो नि आफै आफैंमा जागरुकता हो, त्यही हो ।

प्रश्नः अर्कोचाहिँ कस्तो भने महिला अधिकारको क्षेत्रमा लाग्दाखेरी, सामाजिक कामहरुमा लाग्दाखेरी तपाईले फिल्डमा गाउँ गाउँ डुल्नुहुन्छ । यसो हेर्दा खेरि चाहिँ पहाडमा अनि जनजाति समुदाय र अरु जातको महिलाहरु, उनीहरूको अवस्था चाहिँ कस्तो पाउनुभाछ तपाईं आफ्नो अनुभव अनि त्यसपछि आफू यति धेरै सक्रिय भएर लाग्नु भाछ, उनीहरु बोल्न सक्ने क्षमता राख्छन् कि राख्दैनन्, अब उनीहरु साँच्चिकै हिंसा सहेरै बसेको देखिन्छन् अथवा केहि बोल्न सक्ने भएका छन्, के छन् तपाईलाई कस्तो लाग्छ ?

उत्तर: अब त्यो चाहिँ बोल्न सक्ने, नसक्ने भन्दापनि पहिलाको तुलनामा त अहिलेको महिलाहरु धेरै बोल्छन् । अब म गाउँ गाउँमा पहिला जाँदाखेरिको र अहिलेको पछाडि जाँदाखेरिकोमा उनीहरुकोमा धेरैनै सशक्तिकरण भागको चाहि देख्छु । अब बोल्ने कुरामा पनि , आफ्नो माग प्रष्ट राख्न सक्ने, त्यस्तो सम्म भाछ । धेरै त क्षेत्रीबाहुनको अगाडि नै हो तुलना गर्दाखेरि जनजाति भन्दा तर जनजातिमा पनि अब चाहिँ धेरै नै जे होस् आफूलाई मनमा लागेको कुराहरु, आफ्नो कुराहरु चाहिँ भन्न सक्ने छन् । अनि अब यो हिंसा कै कुरा गर्दाखेरि चाहिँ हाम्रै तथ्याङ्कलाई हेर्ने हो भने पनि, काम गरिराखेको अवस्थालाई हेर्ने हो भने पनि, अरु जाति भन्दा बढी चाहिँ जनजातिहरु नै बढी चाहिँ तथ्यांकमा अगाडि देखिन्छन् । अनि यस्तो त्यो तथ्यांकलाई हेर्ने हो भने चाहिँ हिंसा बढी जनजातिमा देखिएको छ, भने जस्तो देखिन्छ तर हामीलाई चाहिँ के लाग्छ भनेदेखि जनजातिहरुले चाहिँ व्यक्त गर्न सक्छन्, आफूलाई परेको चाहिँ तुरुन्तै त्यस्को प्रतिकार गर्छन्, त्यही भएर त्यो घटना बाहिर आउँछ । तर अरु जातिमा चाहिँ भएपनि खुम्च्याएर राख्ने के त्यो, लुकाएर राख्ने, सहेर बस्ने, त्योचाहिँ अब सामाजिक प्रतिष्ठा, पारिवारिक प्रतिष्ठा, इज्जत प्रतिष्ठा सम्झेर पनि उनीहरुले चाहिँ त्यो लुकाको हुन्छ । मलाई चाहिँ लाग्छ जनजातिमा भन्दा बढी चाहिँ अझ क्षेत्रीबाहुनहरुमा, अन्य जातिहरुमा चाहिँ बढी छ जस्तो लाग्छ । उनीहरुले भित्रभित्रै धेरै पीडा सहेर बसेका हुन्छन् र पनि कहिले-कहिले गाउँ जाँदा खेरी पनि कसैकसैले चाहिँ मन खुम्च्याउँदै हामी गाको बेलामा त्यस्तो खालको एउटा कुरा गर्नु थियो भनेर सुनाउँछन् । अनि कसैलाई भनेको पनि छैन तपाईंलाई चाहिँ अब यसो बुझौ भन्ने हिसाबले भन्ने किसिमले, म कहीँ गएको पनि छैन कसैलाई भनेको पनि छैन, अब भन्दाखेरि पनि यस्तो हुन्छ होला, उनीहरु चाही अलिकती पारिवारिक सामाजिक प्रभावलाई सम्झेर त्यसरी फ्याट्टै चाहिँ भनी पनि हाल्दैनन्, देखाई पनि हाल्दैनन्, कसैकसैले मात्रै हो । अनि तथ्यांकलाई हेर्ने हो भनेपनि जनजाति चाहिँ हाम्रो बढी आको छ । अनि अब अंकलाई हेर्दाखेरि हिंसा बढी जनजातिमा भाको कि भन्नेजस्तो देखिन्छ अरूको तुलनामा तर मेरो विश्लेषणमा चाहिँ जनजातिहरूले चाहिँ सहदैन, उसले चाहिँ व्यक्त गरिहाल्छ, प्रतिकार गरिहाल्छ, त्यसको विरुद्ध आवाज उठाइहाल्छ । त्यो भएर चाहिँ यो तथ्यांक बढी आएको हो भन्ने मलाई लाग्छ ।

प्रश्नः अ, लगभग लगभग मैले तपाईंलाई सोध्नुपर्ने कुरा त मैले तपाईंलाई सोधीसके । अरु तीन जना साथीहरु पनि हुनुहुन्छ । उहाँहरूको पनि क्वेसनहरु छ कि एकपटक उहाँहरूलाई पनि सोछु म ।

प्रश्नः अलि दिदीले जुन काम गर्दै खेरीको जुन महिला अधिकार या महिला हिंसामा परेको बेला काम गर्दैखेरिको बारेमा अलिकति सोध्छु है म चाहिँ । दिदी मलाई जान्न मनलागेको, त्यहाँको प्रशासनिक क्षेत्रले चाहिँ कसरी हेन्डल गर्छ, अब तपाइहरुले केसहरु लिएर जानुहुन्छ, कस्तो छ प्रशासनिक क्षेत्र, कसरी हेर्छ, सहयोगी छ कि छैन, कस्तो छ ?

उत्तरः उसले गर्नेले रेस्पोन्सको कुराहरु, उसले कसरी गर्ने गरेको छ अथवा हामीसँग उनीहरुले गरेका समन्वय सहकार्यका कुराहरु गर्न खोज्नुभएको हो ?

प्रश्नः अ, उहाँले त्यही भन्नुभाको । प्रहरी अनि अहिले त स्थानीय तहमा चाहिँ एउटा न्यायीक समिति भन्ने छ, यिनीहरुको संयन्त्रले कतिको सपोर्ट गर्छ अनि इन्फुल्येन्स बढी हुन्छ होस्टाइल हुन्छ भन्नु भाको छ । यो कुरा नै उहाँले सोध्न खोज्नुभएको, कतिको सपोर्टिभ छ प्रहरी प्रशासन अनि स्थानीय पालिकाहरु ?

उत्तरः हजुर, अब स्थानीय तहमा अब न्याय समिति छ । पहिलो खुड्किलो त्यही भन्छ राज्यले व्यवस्था गरेको । अब जनताको सहजताको लागि त्यो व्यवस्था गरेको हो तर के हो त भन्दाखेरि त्यहाँ चाहिँ एउटा राजनीतिक हिसाबले त्यहाँको चाहिँ संयोजक अब उपमेयर हुन्छ । उपमेयर चाहिँ निर्वाचित भएर गाको हिसाबले पनि जनताले चाहिँ, ए यो त यो पार्टीको हो, यल्ले त यो पार्टीकोलाई मात्रै सपोर्ट गर्छ, भन्ने खालको एउटा अविश्वास छ । त्यो पनि छ मुख्य कुरो । हुन त अब एउटा पार्टी बाट निर्वाचित भएर भएपनि, पार्टीको व्यक्ति भएर निर्वाचित भएर भइसकेपछि त आमजनताको व्यक्ति हो त्यो पार्टीको व्यक्ति त होइन । अब यो जनताहरुमा चाहिँ, यो चाहिँ जनताको हो, हाम्रो हो, भन्ने खालको विश्वाश दिलाउन नसकेको कारणले पनि त्यो हो कि । न्यायीक समितिमा जति जानुपर्ने हो जनताहरु, त्यहाँ जान त्यति रुचाउदैन के पीडितहरू । कारणचाहिँ के हो त भन्दाखेरि अलिकति पक्षवादी पूर्ण व्यवहार गर्दिने, त्यो खालको चाहिँ गर्छ । उल्ले त्यहाँ गयो भने, हामीले भनेजस्तो न्याय, हामीले चाहेजस्तो न्याय अथवा हामीलाई न्यायको अनुभूति हुने खालको चाहिँ त्यहाँ कुरै हुँदैन भन्ने खालको चाहिँ गुनासो आउँछ । र पनि त्यहाँ जानुस भनेर सुरुमा चाहिँ

हामी त्यसरी नै सल्लाह दिन्छौ । कोही पिडित प्रभावितहरु अब हामीसँग आयो, हामीसँग सम्पर्क गर्यो भने, समस्या पर्यो भनेर सम्पर्क गर्छन्, गर्दाखेरि पहिलो त तपाईं आफ्नो पालिकामा जानुस्, वडामा जानुस्, यसरी यसरी गर्नुस् भनेर भन्छौ । होइन त्यहाँ पनि गए, यहाँ जाँदाखेरि झन्  यस्तो कुरा गर्छ, उनीहरूको यो पार्टीको रहेछ त्यो पार्टीको रहेछ, अब यस्तै खालको कुराहरु गर्छन् । अनि त्यो भाकोले गर्दाखेरि जनप्रतिनिधिहरुले अथवा अझै न्याय समितिको चाहिँ संयोजकले अथवा त्यो समितिकै व्यक्तित्वहरुले चाहिँ त्यो खालको अनुभूति दिन नसक्या हो कि जनतालाई । हामी निष्पक्ष छौ, हामी जोसुकै होस् पीडितका पक्षमा न्यायको लागि उठेको छौ भन्छन् तर विश्वास दिलाउन नसकेको अवस्था हो कि भन्ने कुरा चाहिँ एकदमै देखिएको छ । हाम्रै पालिकामा पनि नगरपालिकामा पनि त्यस्तै खालको कुराहरु आउँछन् । भनी पीडितहरू उनीहरूको त्यहाँ जानुभन्दा बरु हामी प्रहरीमै जान्छौ, बरु तपाईंहरूको सञ्जालमै आउँछौ, तपाईंहरूको संस्थामै तपाईहरुसँगै गर्छौ भन्ने खालको चाहिँ धेरैले राख्छन् कुरा । अनि अब हामी सँगको समन्वय सहकार्यको कुरा गर्नुपर्दा खेरी चाहिँ अहिले पछिल्लो समयमा चाहिँ प्रहरी प्रशासनबाट अनि जिल्ला अदालत, सरकारी वकिल कार्यालय, यो त रिलेटेड हो, उहाँहरुबाट चाहिँ राम्रै छ । हामीले सहकार्य गरेरै गरेका छौं । हाम्रो संस्था मार्फत अथवा हामी मार्फत चाहिँ हामीले हेन्डिल गरेको केसहरुलाई चाहिँ उहाँहरुले राम्रै रेस्पोन्स गरिराख्नुभएको छ अहिलेसम्म तथ्यांकलाई हेर्दाखेरि चाहिँ । अब पहिला-पहिला चाहिँ अलिकति गडबढ हुन्थ्यो तर अब अहिलेचाहिँ राम्रै छ, राम्रै हामीले चाहिँ समन्वय सहकार्य गरेरै गर्छौ । हामी मार्फत गएका केसहरु, पीडितहरूको पक्षमा चाहिँ भरपुर वहाँहरुले एकदमै संवेदनशील भएरै गरिराख्नुभएको छ । न्याय समितिको कुरा गर्दाखेरि चाहिँ अलिअलि त्यो खालको चाहिँ जनतामा अविश्वास भको अवस्था चाहिँ छ । अब त्यसलाई कसरी चाहिँ कसरी परिर्वतन गर्न सकिन्छ अलिकति । अनि त्यो समितिको संयोजकको चाहिँ नेचरमा पनि भर पर्ने कुरा रहेछ जस्तो लाग्छ मलाई । अलिकति उहाँको नेचर कस्तो छ, उहाँहरूलाई नै अलिकति ट्रेनिङ दिनुपर्ने हो कि, अलिकति त्यस्तो खालको चाहिँ सामाजिक दृष्टिकोण जुन छ, पुरुषवादी चिन्तनले नै नछोडेको के । उहाँहरुमै त्यो चिन्तन छ भने उहाँहरुले चाहिँ महिलाहरुलाई न्याय चाहिँ त्यती सजिलै महिलाको दृष्टिकोणबाट चाहिँ उहाँहरुले हेर्नु पनि हुन्न र त्यो गर्न सक्नु पनि हुन्न होला । अब त्यो चिन्तनबाटै मुक्त गराउन नसकेको अवस्था छ । यो चिन्तनबाट चाहिँ मुक्त गराउनुपर्छ प्रत्येक न्याय समितिका पदाधिकारी, समिति सदस्यहरु सबैलाई चाहिँ एकदमै महिलावादी दृष्टिकोण, महिला मूक्ति दृष्टिकोणबाट चाहिँ घटनालाई विश्लेषण गर्नसक्ने, पीडितको भावनालाई बुझ्न सक्ने, यो खालको चाहिँ हुनुपर्छ । अनि मात्रै पीडितले चाहेजस्तो न्यायको अनुभूति गर्नसक्ने खालको चाहिँ न्याय दिन सक्छ जस्तो चाहिँ लाग्छ । अनि मात्रै जनताहरुले पनि, पीडितहरूले पनि विश्वास गर्न सक्छ । त्यो नभाकै कारणले गर्दाखेरि चाहिँ उहाँहरुलाई विश्वास नगरेको कारणले त्यहाँ चाहिँ पीडितहरू जान नचाहेका हुन् कि भन्ने मलाई लाग्छ । त्योचाहिँ देखिएको छ प्रष्टै । एउटा घटनामा त हाम्रो कस्तो भने, उल्टै पीडित महिलाले उपाध्यक्षलाई नै गाली बेइज्जतको मुद्दा हाल्नु परेको अवस्था छ । किन भन्दाखेरि, उपमेयर भएर, न्याय समितिको मान्छे भएर, उता पिडक पक्षको कुरामा लागेर, त तेरो आफ्नो गल्ती कबुल गर्छस् भने गर, गर्दैनस् भने तलाई त्यो केटाहरुसँग लाठोमुङ्ग्रो लगाएर, त्यहीसँग जिम्मा लगाएर पठाइदिन्छु भन्ने त्यस्तो खालको चाहिँ तर अब त्यस्तै अपशब्द प्रयोग गरेर चाहिँ पीडितलाई उल्टै गाली गरेको कारणले गर्दाखेरि त्यो घटनाचाहिँ हामीले अदालतसम्म हामी आफैले त्यो बहिनीलाई सपोर्ट गरेर लाग्नुपरेको अवस्था पनि छ एउटा घटनामा । अनि गाली बेइजतको चाहिँ मुद्दा पछाडि पर्यो । अनि पछाडी मेलमिलाप गर्दाखेरि चाहिँ, थुप्रै मुद्दाहरु लगाउँदा मेलमिलापको क्रममा चाहिँ, त्यो मुद्दालाई पछाडि उपाध्यक्षलाईनै अदालतमा ल्याएर चाहिँ पछाडी त्यो केस मिलाइयो । त्यस्तो पनि हुन्छ, हामीले त्यस्तो पनि गर्नुपर्ने हुन्छ । उ उपमेयर जस्तो मान्छे, उपादक्ष्य जस्तो मान्छे भएर, न्याय समितिको चाहिँ संयोजक भएर पीडितलाई त्यस्तो शब्द प्रयोग गरेपछि त हामीले त एक्सन त लिनै पर्यो । कुनै न कुनै कदम चाल्नै पर्यो । पीडितलाई साथ त दिनैपर्यो । यसरी साथ दिदाखेरि चाहिँ के हुन्छ त भन्दाखेरि, उपादक्ष्य ज्यूले त हामीलाई चाहिँ नराम्रो देख्नुभयो नि त । उहाँले त अब हामीलाई कहिलै सपोर्ट गर्नुहुन्न, हाम्रो पक्षमा कहिलेपनि बोल्नुहुन्न । हाम्रो काम चाहिँ त्यस्तो खालको पर्यो के त्यही भएर गाह्रो स्थिति भाको हो । उहाँले चाहिँ हामीलाई जहिले पनि दुश्मनको रूपमा हेर्न थाल्नुभयो त्यो घटना घटिसकेपछि । भनेपछि हाम्रो काम गराइनै त्यही खालको छ, हाम्रो क्षेत्रनै त्यही खालको छ । त्यही भएर चुनौती र समस्या चाहिँ यही हो । भनी अर्को चाहिँ के हो त भन्दाखेरि चुनौतीको कुरामा मैले जोडी हाले । राज्यले सामाजिक क्षेत्रमा काम गर्ने, आफ्नो अधिकार सँगसँगै अरुको अधिकारको लागि लडाइँ गर्ने, संरक्षणको लागि चाहिँ वकालत गर्ने, लडाइँ गर्ने, अरुलाई सपोर्ट गर्ने, जुन जति पनि सामाजिक संस्थाहरुमा काम गर्ने अधिकारकर्मी महिलाहरुको हुनुहुन्छ, पुरुष जो होस्, उनीहरूको सुरक्षाको कुरा चाहिँ

कही पनि छैन । जस्तो अहिले यो कोभिड कुरा छ, कोभिड व्यापक छ, महामारी चलिरहेको छ, त्यस्तो अवस्थामा राज्यले कर्मचारीलाई बीमा तोक्देको छ । उसलाई केही भइहाल्यो भने उसको लागि सबै छ । अब त्यस्तै गरेर जनप्रतिनिधिहरूको पनि सबै छ रे । अहिले झन् सुनिरहेको छु, माननीय ज्युहरुलाई त झन् १०-१० लाख दिने व्यवस्था छ रे । कर्मचारीलाई छ अब अहिले त पत्रकारहरुलाई पनि केही व्यवस्था गर्या रहेछ, बीमाको व्यवस्था गर्देछ के गर्देछ । तर हामी सामाजिक संघसंस्थामा काम गर्ने, हामीजस्तो अधिकारकर्मी जसले चाहिँ निस्वार्थ रुपमा सेवा गरिराको छ, हामीलाई केही भयो भने कस्ले गर्ने । यो न राज्यको संयन्त्र छ न राज्यको कुनै व्यवस्था छ न त सामाजिक संघसंस्था जुन संस्थामा आवद्ध भएर काम गरेका छौ, त्यस संस्थाको न क्षमता छ न हैसियत छ, न संस्थाले गर्न सक्छ । अब मेरै कुरा गर्दाखेरि मलाई कोरोना भयो । के गर्दाखेरी भयो भन्दाखेरि त म त्यही सामाजिक काम गर्दाखेरि भयो नि त । म मरेको थिएँ भने त सक्किगयो नि त । अनि अब बदलामा चाहिँ त्यो खालको सुरक्षा कुराहरु भए । काम गर्दागर्दै कहिले अन द स्पोट केहि हुनसक्छ, अब दुर्घटना हुनसक्छ । त्यसको ग्यारेन्टी र सुरक्षाको कुराहरु चाहीँ कल्ले गर्ने त । यो कुरा चाहिँ राज्यले यस्ता कुराहरु पनि हेर्नुपर्छ भन्ने चाहिँ मलाई लाग्छ । अब राज्यको ध्यान त्यतातिर गाको छैन । अब चुनौतीका कुराहरु चाहीँ यस्तै कुराहरु छन् हाम्रो लागि । अनि सँगसँगै घरमा घरायसी व्यवहार, सबै आफ्नो घर व्यवहार छोडेर, घरपरिवारमा जति दिनुपर्ने समय दिन नसकेको कारणले गर्दाखेरि कति हामीजस्ता महिलाहरूको चाहिँ घर व्यवहार बिग्रिएको छ । आर्थिक संकट तेतिकै छ, त्यसको चाहि कुनै पनि छैन । त्यो योगदानको कहीँ कुनै ठाउँमा मूल्याङ्कन पनि छैन । त्यसको सुरक्षाको कुराहरु पनि छैन । यस्तो कुराहरु चाँहि तपाईको हाम्रो संघसंस्थाहरुले चाहिँ मिलेर आवाज उठाउनुपर्छ । हुन त डब्लु.एच.आर.डि.ले यिनै कुराहरु उठाइरहेको छ । डब्लु.एच.आर.डि.हाम्रो राष्ट्रिय सञ्जालले अब हामी डब्लुएचआरडिले यो कुराहरु त उठाई राखेको हो । पहिचानको कुराहरू, कामको मूल्याङ्कनका कुराहरु, सुरक्षाका कुराहरु, उठाइराखेका छौ । अब तर त्यो हुन सकेको चाहिँ छैन । राज्यले यस्ता कुराहरु चाहीँ गर्नुपर्छ होला भनेर हामी सबैले सबैकोबाट चाहिँ गर्नुपर्छ भन्नेचाहिँ मेरा आफ्नो एउटा मनको कुरा, त्योचाहिँ छ ।

प्रश्नः अरुणाको केही छ त ?

प्रश्नः हजुर दिदी, धेरैधेरै धन्यवाद दिदिलाई । दिदीले जुन काम गरिरहनुभएको छ यो काम चाहिँ एकदमै प्रेरणादायिक छ र हजुरलाई चाहिँ धेरै धेरै शुभकामना अगाडी बढ्नको लागि । जस्ता चुनौतीहरु आएपनि दिदीले अगाडि बढिरहनु होला । हजुरहरूको जस्तो संस्थाले नै समाजमा यतिधेरै अब सहयोग पुर्याइरहेको छ । त्यसैले हजुरलाई धेरै धेरै धन्यवाद भन्न चाहन्छु दिदीलाई चाहिँ ।

उत्तरः हस धन्यवाद बहिनीलाई पनि । मलाई एउटा अवसर दिनुभयो । अब अरु पनि हुनुहुन्थ्यो साथीहरु, अरु धेरै जिल्लाको पनि हुनुहुन्थ्यो । तीमध्ये पनि अब मलाई अवसर दिनुभयो त्यसको लागि यहाँहरुलाई पनि धन्यवाद । लुमलाई पनि धन्यवाद । अब यहाँहरु सबै टिमलाई नै धन्यवाद, यहाँहरूको समय चाहिँ मलाई दिनुभयो ।

प्रश्नः तपाईंलाई चाहिँ धेरै धेरै धन्यवाद छ । यतिधेरै टाइम दिएर चाहिँ आफ्नो कुराहरु सेयर गर्दिनु भाछ । त्यसको लागि चाहिँ हामी सबैको तर्फबाट धेरै धेरै धन्यवाद छ तपाईंलाई ।

उत्तरः ल हजुरहरुलाई पनि धेरै धेरै धन्यवाद बहिनीहरुलाई पनि है ।